# महिला, दलित र न्याय
# सवाल, नीति र अभ्यास

महिला, दलित र न्याय : सवाल, नीति र अभ्यास

**प्रकाशक**
मानवअधिकार मञ्च (हुर्फ) नेपाल
इलाम नगरपालिका ७, इलाम
फोन: ०२७५२०८००, फ्याक्स: ०२७५२०९१९
इमेल: hurfilam@ntc.net.np, info@hurf.org.np
वेब: www.hurf.org.np
टोलफ्री नं.: 16602752111

**सहयोग**
OPEN SOCIETY FOUNDATIONS
Foundation to Promote Open Society (FPOS)

# महिला, दलित र न्याय
# सवाल, नीति र अभ्यास

लेखक
योगराज सापकोटा

प्रकाशक
मानवअधिकार मञ्च नेपाल
इलाम

आवरण/डिजाइन
भक्तबहादुर थामी

मुद्रण
आर.एस. पेपर प्रोडक्स
बागबजार, काठमाण्डौं

महिला दलित र न्याय
सवाल नीति र अभ्यास

| | |
|---|---|
| लेखक | :योगराज सापकोटा |
| ठेगाना | : माइजोगमाई ५, सोयाङ्ग, इलाम |
| विधा | : खोज एवं समालोचना |
| प्रकाशक | : मानवअधिकार मञ्च नेपाल इलाम |
| प्रथम संस्करण(२०७३) | : १००० |
| दोश्रो संस्करण ( २०७४) | : १००० (परिमार्जित संस्करण) |
| कम्प्युटर ले आउट | : भक्त बहादुर थामी, मिलीस्टार कम्प्यूटर्स |
| सर्वाधिकार | : लेखकमा सुरक्षित |
| मूल्य रु | : |
| मुद्रण | : आर.एस. पेपर प्रोडक्स, बागजार, काठमाण्डौं |

**ISBN :**

**Mahila, Dalits Ra Nyaya, Sawal Niti Ra Abhyas**
**( A Study and Criticism on the Status of Women & Dalits based on issues, laws & practice)**
**By : Yoga Raj Sapkota**

**मानव अधिकार मञ्च नेपाल**
HUMAN RIGHTS FORUM (HURF) NEPAL
स्था-२०५५
इलाम
जि.प्र.का.इ.द.नं. २४७
स.क.प.द.नं. २००९२

## प्रकाशकीय

मानव अधिकार मञ्च नेपाल, इलाम समतामूलक समाज निर्माणको परिकल्पनाका साथ क्रियाशिल संस्था हो । महिला, सिमान्तकृत समुदाय, दलित, बालबालिका, हिंसा पीडितहरु, आर्थिक तथा सामाजिक रुपले पछि परेका समुदायहरु संस्थाका लक्षित वर्गहरुहुन र उनीहरुको अधिकारका लागि संस्था सदैव क्रियाशिल छ ।

बिशेष गरेर राज्यको मूल प्रवाहबाट पाखा पारिएको समुदायलाई राज्यको मूल प्रवाहमा समाहिकृत गर्ने कुरासँग महिला र दलितका सवालहरु महत्वपूर्ण छन् । इतिहासको लामो कालखण्डदेखि वहिष्करणमा पारिएका यी समुदायलाई समाजले मानवको रुपमा ग्रहण गर्न अझै सकि नरहेको अवस्थामा उनीहरुको व्यक्तित्व विकास, पहुँच र सहभागिता धेरै टाढाको विषय हो । उनीहरुको वचाउ र सुरक्षा पहिलो चुनौति बनेको छ । लेखकको शब्द सापटी लिँदा महिला र दलितहरुका लागि न्याय टाढाको कुरा हो अहिलेको अवस्था । तसर्थ उनीहरुको न्यायमा पहुँच पुऱ्याउनु जरुरी छ । जसका लागि राज्यका विद्यमान कानूनी र नीतिगत व्यवस्थाहरु सहयोगी छन् तर तिनीहरुको प्रभावकारी कार्यान्वयन भएको छैन । यसर्थ महिला र दलित समुदायको वृहत्तर हितको दीर्घकालिन योजना र प्रभावकारी कार्यान्वयन जरुरी छ । यसै सन्दर्भमा मानव अधिकार मञ्च नेपाल, इलामले Open Society Foundation को सहयोगमा इलाम जिल्लामा **महिला र दलितको न्यायमा पहुँचका लागि साझा अभियान** नामक परियोजना सञ्चालन गरिरहेको छ । संस्थाका योजना अधिकृत तथा स्वतन्त्र लेखक मित्र **योगराज सापकोटाले** लेख्नु भएको यस परियोजनाको विषयवस्तु सँग प्रत्यक्ष सहयोग पुऱ्याउने यस पुस्तकलाई संस्थाले सहयोगी सामग्रीको रुपमा प्रकाशन गर्ने निर्णय गऱ्यो । यस पुस्तकको पहिलो संस्करण यस अघि नै प्रकाशन र वितरण भइसकेको छ । वदलिँदो परिवेश सँगै पाठकहरुको सुझावहरुलाई समेटेर पुस्तकमा थप परिमार्जन सहित पुन : प्रकाशन गर्ने संस्थाले निर्णय गऱ्यो । संस्थाको निर्णयलाई स्वागत गर्दै परिमार्जित पुस्तक तयार गरिदिन पुन : सहयोग पुऱ्याउनु भएकोमा लेखक **सापकोटा** प्रति विशेष कृतज्ञता ज्ञापन गर्दछु । पुस्तकको आवरण तथा कम्प्युटर गर्नुहुने मित्र **भक्तबहादर थामी**प्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा सदा झैँ यस पुस्तकको अध्ययन गरेर यसलाई अझ सम्बृद्ध बनाउनका लागि सबैमा रचनात्मक सुझावकालागि अनुरोध समेत गर्दछु ।

**मोहनसिंह थेवे**
अध्यक्ष
मानव अधिकार मञ्च नेपाल

## लेखकको भनाई

अभियन्ताहरु कार्यक्षेत्रमा आफुले गरेका काम र अनुभवहरु मार्फत अरुलाई सन्देश प्रवाह गर्नु पनि आफ्नो कर्तव्य सम्झन्छन् र त्यो नै अभियान हो । यसर्थ आफुले गरेका काम र ज्ञानको अनुभव अरुलाई किन नबाड्ने ? यही प्रश्नको उत्प्रेरणा र जवाफको पहिलो हरफको रुपमा जन्मियो यो पुस्तक । प्रश्नकर्ता वा उत्प्रेरक हुनुहुन्थ्यो मानवअधिकार मञ्च नेपालका कार्यसमितिका पदाधिकारीहरु । उहाँहरुप्रति सबै भन्दा पहिले कृतज्ञता ज्ञापन गर्दछु । यो पुस्तक लेख्नमा आवश्यकताको बोध गराउने विभिन्न गाउँका महिला तथा दलित सहभागीहरुको उत्तिकै हात छ, तालिम सहजीकरण अन्त्यमा उहाँहरुको अनुरोध आउँदथ्यो "यी सबै कुराहरु समेटेको एउटा पुस्तक भए सहज हुनेथियो ।" उहाँहरु पनि धन्यवादका पात्रहरु हुनुहुन्छ ।

पहिलो संस्करणको पहिलो अनुच्छेद थियो माथि प्रस्तुत अनुच्छेद । कानून, नीति र अवस्था तीन वटै समय सँगै बदलिने स्वभावको हुनु पर्दछ यदि हामी बदलिँदो समाजको पक्षमा काम गर्दछौँ भने । सोही अनुसार यस पटक तीनै बदलिएका कुराहरु थप गर्न नै दोश्रो संस्करणको आवश्यकता बोध भयो । यसको पहिलो जश पहिलो संस्करण अध्ययन गरि सुझाव दिने पाठकहरुलाई नै दिन्छु । दोश्रो संस्करणलाई परिमार्जित संस्करणको रुपमा छाप्ने मानवअधिकार मञ्च नेपालको निर्णय प्रति आभार व्यक्त गर्दछु । लेखिएको आलेखलाई पुस्तकको आकारमा तयारी गर्ने संस्थाका मित्र भक्तबहादुर थामीप्रति विशेष धन्यवाद ।

अन्त्यमा यो पुस्तकलाई पढीदिने पाठकहरुबाट रचनात्मक सुझावको अपेक्षा राख्दछु ।

योगराज सापकोटा

## विषयसूची


| शीर्षक | पृष्ठसंख्या |
|---|---|
| नेपाली समाज र महिला | १-३७ |
| जातीय विभेद र दलितसमुदाय | ३८-६३ |
| परिशिष्ट | |
| सन्दर्भ सामग्रीहरु | |

# नेपाली समाज र महिला

## नेपाली महिलाहरुको वर्तमान अवस्था

नेपाली समाज विकासको इतिहासलाई साराशंमा भन्दा पुरुष प्रधान संस्कार र संस्कृतिको जगमा बनेको नेपालको राज्य व्यवस्था र समाजका कारण नेपाली महिलाहरु स्वभावैले पछाडि पारिएका थिए । राज्य व्यवस्था र सामाजिक संरचनाले पुरुषलाई नै सबै प्रकारका निर्णयहरुकालागि निर्णायक व्यक्ति बनाई दियो । फलत : पुरुष निर्णायक, संरक्षक, शासक, पालनकर्ता र निरंकुश वन्नसक्ने अवस्था परिवार र समाजमा आयो । यसले पुरुषमा नेतृत्व, पहुँच र शासनमा सहभागिता सुनिश्चित गऱ्यो भने महिलाहरु आश्रित, परनिर्भर, आदेश पालक, सिमित दायरा भित्र अरुको अनुशासन वा कानून भित्र रहनु पर्ने, अरुको खटन मान्नु पर्ने, र त्यसैलाई कुलधर्म, कुल मर्यादा र सामाजिक मर्यादा मान्नु पर्ने अवस्था आयो । पतिव्रता, पति भक्ति, परिवारको रेखदेख र पतिको खुसी नै महिलाको उच्चतम धर्म, पत्नीले पतिको सेविकाको रुपमा रहनु पर्ने वास्तविक पत्नी धर्म हो भन्ने जस्ता मान्यता र अभ्यासहरु त्यही समाजको विकासक्रमले ल्याएका, स्थापित गरेका मान्यताहरुका उदाहरणहरु हुन । जुन मान्यताहरु अहिले पनि हामीबीच धेरैवटा अभ्यासमा छन् । तपाइँ यी हरफहरु पढ्दै गर्दा मनमनै 'हुन त हो तर समानताका नाममा आफ्नो संस्कार छोडी हाल्न सकिँदैन नि !' भनेर भन्दैहुनुहुन्छ होला, जुन स्वभाविक हो । व्यवहार जव नियमित हुन्छ तव संस्कार वन्दछ । संस्कारका नाममा हामी आफुले गरेका हरेक गल्तीहरुलाई गल्ती गरेको होइन संस्कार वा धर्मका आधारमा कर्म गरेको

भनेर हामी आफुलाई ती क्रियाकलापहरुको जिम्बेवारी लिन र अपराध बोध गर्नबाट पछि हटाउँछौं । जसले परिवर्तनका प्रयासमा आफैं बाधा बन्ने र आफुलाई रुपान्तरण गर्न नसकिरहेको अहिलेको अवस्था छ ।

अधिकार विहिन महिलाहरु अधिकारको पहुँचका लागि धेरै लामो आन्दोलन गर्दै अधिकार लेख्ने अवस्था सम्म आईपुगेको यो घडीमा पुरुषको शासन, निरंकुशता, संकुचन, परनिर्भरता र त्यसले महिलामा ल्याएको डर, कमजोरी, पीडा, व्यक्तित्वको विनास, अपमान, विभेद र यातना जस्ता समस्या विरुद्ध त्यहि बीचबाट समानता, न्याय र सम्मानका लागि आवाज उठाउन कति जटिल थियो होला । एकपटक विगतदेखि वर्तमान सम्म महिला मुक्तिको आन्दोलनमा लाग्ने नेपाली महिलाहरुको आँट र साहसलाई मनन गरौं । र, संस्कार र संस्कृतिका नाममा हामीले गर्ने गल्तीलाई जिम्बेवारी लिन सुरुवात गरौं । त्यही जिम्बेवारी बोधको अभाव छ अहिलेको अवस्थामा जसलाई सबैले पुरा गर्नु जरुरी छ ।

शुन्य भन्दा तल बाट उठेको नेपाली महिला आन्दोलन, महिलाको अधिकारको सुनिश्चितता गर्दै संघीय गणतान्त्रिक नेपालको संविधान लेख्न सामेल भए र संविधान लेखियो । त्यहि महिला आन्दोलन हो, जसले सती प्रथा, बोक्सी प्रथा, झुमा, देउकी, छाउपडी र बादी प्रथाहरुको उन्मूलन गर्नु पर्ने, दण्डनीय बनाउनु पर्ने, महिलालाई शासन र निर्णायक तहमा पुऱ्याउनु पर्ने जस्ता विषयहरुमा लिङ्गिय शासन बाट समावेशी र समतामूलक शासनको आवश्यकतालाई सबैमाझ पुऱ्याउन सफल भयो । फलत : महिलाको अधिकार सुनिश्चितताका लागि अझ एकल महिला, सिमान्तकृत महिलाहरुको अधिकारको सुनिश्चितता गर्दै महिलालाई



समान नागरीकको रुपमा खडा गर्न, उनीहरुको सम्मानपूर्वक जीवनको अधिकारलाई सुनिश्चित गर्न विभेद विरुद्धको संघर्ष गर्दै अधिकारहरु लिखित रुपमा स्थापित गर्न नेपाली महिलाहरु सफल भई सकेका छन् । आवश्यकताको महसुसीकरण सँगै लेखिएका ति अधिकारहरुको व्यवहारीक अभ्यास र आत्मसात गर्न भने प्रभावकारी रुपमा पहल नभएको अवस्था छ । यसर्थ हामीले बोध गरेको त्यो आवश्यकतालाई व्यवहारमा प्रयोग नभएको अहिलेको अवस्था छ ।

कानूनमा लेखिएको पहुँच सम्मान र सभागिताका लागि महिलाहरुमा सीप क्षमता र दक्षताको अभावका कारण ती व्यवस्थाहरु कर्मकाण्डी मात्र बन्ने र पुनः 'महिला भनेका कमजोर नै हुन्छन् !' भन्ने कुतर्कलाई प्रमाण जुटाउने आधार बन्ने अर्को खतरा वर्तमानमा देखिन्छ । यसकालागि सबैले आफ्नो दायित्व र कर्तव्यलाई व्यवहारिक रुपमा वृद्धि गर्नु जरुरी छ ।

हरेक दिन समाचार बनिएर आउने महिला हिंसा, घरेलु हिंसा र सामाजिक अपराधका पीडितहरु महिला नै बनिरहको अहिलेको विकराल अवस्था हो । बढ्दो यौनजन्य अपराध, मनोसामाजिक समस्या र उत्पीडन, पारिवारिक बेमेल जस्ता समस्याहरुमा अधिकांश समस्याहरु महिला नै पीडित भइरहको अवस्था छ ।

श्रम क्षेत्रमा महिलाहरुको सहभागितालाई अझै विश्वस्त मान्न नसकिरहेको अवस्था छ । असमान ज्याला, लैङ्गिक विभेद, जस्ता व्यवहारहरु परिवर्तन नभइरहेको अवस्था छ । पुन : यी विषयहरु वा सवालहरुमा प्रभावकारी कार्यान्वयनको जरुरी देखिन्छ । जुन पर्याप्त हुन नसकिरहेको अवस्था छ ।

बनेका नीतिहरु, कानूनहरु, राज्यले प्रदान गर्न व्यवस्था गरेका सेवाहरु, कार्यक्रमहरुमा महिलाले जानकारी मात्र पनि नपाएको अवस्था छ । नीतिगत सचेतनामा मुख्य चार तहमा सचेतना हुनु जरुरी छ, नीति, प्रकृया, सहभागिता र लाभ । नीति आफैमा के हो र के का लागि बनाईएको वा लागु गरिएको हो ? नीतिको प्रयोग र पालना कसरी हुन्छ ? उक्त नीतिको कार्यान्वयनमा सम्बन्धित समुदायहरुको सहभागिता कहाँ र कसरी हुन्छ ? र नीति कार्यान्वयन पछि समुदायले कसरी लाभ लिन्छ ? जस्ता प्रश्नहरुमा महिलाहरु सँग स्पष्ट जवाफ नभएको अवस्था छ । महिलाहरुमा मात्रै होइन अधिकांश सरोकारवालाहरु स्पष्ट छैनन् । जसको परिणाम भएका कार्यक्रमहरु तथा सेवाहरु कतै त्यत्तिकै खेर गइरहेको अवस्था छ भने कतै दुरुपयोग भएको अवस्था छ ।

यी विभिन्न समस्या वा अवस्थाको सार के हो भने, नेपाली महिलाहरुको आन्दोलनले शुन्य भन्दा मुनि बन्द सामाजिक परिवेश बाट आवाज उठाउँदै अहिले नीतिगतरुपमा अधिकारहरु स्थापित गर्ने सक्ने अवस्थामा ल्यायो । यस अर्थमा नेपाली महिलाहरुको विकासक्रमले निक्कै लामो फड्को मारेको देखिन्छ । तर, बनेका नीति, योजना र कानूनहरुको प्रभावकारी प्रयोगको अभाव छ । जसले महिलाहरुको न्यायमा पहुँच, नेतृत्व विकास र निर्णायक र गुणात्मक नेतृत्वको विकासमा ठूलो खाडल बनाएको अवस्था छ ।

बुँदागत रुपमा भन्दा :

- महिला अधिकारको सुनिश्चितताका लागि महिलाको अधिकार विशेष गरी सहभागीता, पहुँच, निर्णय, सेवा र लाभका क्षेत्रमा उल्लेख्य प्रगति भएको छ ।
- बन्द सामाजिक परिवेशबाट खुल्ला सामाजिक परिवेश तर्फ अघि बढेको अवस्था छ ।



- परम्परागत विभेद र विकृतिका विरुद्ध आवाजहरु उठाउन सक्ने अवस्थाको सृर्जना भएको छ ।
- महिलाको हितको प्रवर्द्धनको आवश्यकताको महसुस र कार्यान्वयनका लागि राज्यले विशेष महत्व र प्राथमिकता दिएको छ ।
- संघीय शासन प्रणालीको अभ्यासको सुरुवातसंगै स्थानीय सरकारहरुले महिलाको हितको क्षेत्रमा स्वयं कानून, नीति, योजना बनाउने, कार्यान्वयन गर्ने अधिकार पाउनाले राज्यको तल्लो तहमा नै सर्वाधिकार प्राप्त हुँदा स्थानीय समस्याको सम्बोधन गर्न परिस्थिति अनुकुल हुँदै गएको छ ।

यस्ता सकारात्मक प्रगतिका बावजुद महिलाहरुका सवालमा अझै

- स्थानीय तहमा नीति निर्माण हुन नसकिरहेको अवस्थामा महिलाका क्षेत्रमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरु र सवालहरुको सम्बोधन गर्न नसकिरहेको अवस्था छ ।
- नीति, योजना र कार्यक्रम तयारी र सञ्चालनका लागि आवश्यक जनशक्ति र क्षमता स्थानीय तहमा अझै अभाव रहेको
- बनेका नीति, नियम, कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको
- ती नीतिहरुका बारेमा सबै पक्षहरु सचेत नहुनु
- परम्पराको आडमा जिम्बेवारी बोध नहुनु जसले गर्दा व्यवहारमा रुपान्तरीत हुन नसक्नु ।
- भएका सेवा सुविधाहरुको उपयोग नहुनु वा विषयान्तर भई दुरुपयोग हुनु ।
- दीगो र स्पष्ट योजनाहरु नहुनु ।

- घरेलु श्रमको आर्थिक मूल्याङ्कन नहुनु ।
- महिलाहरु हिंसामा परिरहनु,
- महिलाप्रतिको विश्वासमा कमी हुनु जसले गर्दा अवसरहरुमा वञ्चित गर्नु ।
- महिलाका समस्याहरुलाई सामाजिक समस्याका रुपमा ग्रहण नगर्नु ।
- साँस्कृतिक हिंसा र लैङ्गिक विभेद यथावत रहनु ।
- महिलाहरुले पाएका अवसरहरुमा पनि उचित ज्ञान सीप र दक्षताका अभावमा ती अवसरमा जान आफुलाई कमजोर ठान्नु र ग्रहण नगर्नु जस्ता समस्याहरु विद्यमान छन् ।
- नेतृत्वदायी महिलाहरुको संख्या कम हुनु ।
- महिला नेतृत्व विकासको प्रभावकारी योजना कसैबाट नबनाउनु ।
- महिलाहरुको न्यायमा पहुँच न्यून हुनु ।

सबै अधिकारहरु महिलाहरुले पाउनुपर्दछ भनेर कागजी रुपमा लेखिएको भएता पनि महिलाले प्रत्याभूत गर्न नसकेको अवस्था छ । उचित शिक्षा नपाउनु, छोरीलाई पढाएर काम छैन भन्ने मानसिकता व्याप्त हुनु, महिलाले उचित स्वास्थ्य सेवा नपाउनु, गर्भवती र सुत्केरी अवस्थामा स्वास्थ्योपचार नपाएर आमा र बच्चाको मृत्यु हुनु, महिलाहरुको आर्थिक अधिकार नहुनु, विभिन्न किसिमका चालचलनको नाममा महिलाहरु शोषित र हिंसाको शिकार हुनु तथा सामाजिक रुपमा महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरिनुजस्ता



उदाहरणहरुले महिलाको मानवअधिकारको स्थिति दयनीय रहेको कुरालाई प्रष्ट पार्दछ ।

यी समस्याहरुलाई हेर्दा , महिला, विशेषगरी सिमान्तकृत महिलाहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासकालागि अव योजनाबद्ध र प्रभावकारी दीगो विकासको योजना तर्जुमा गरी कार्यान्वयन गर्नु अहिलेको आवश्यकता देखिन्छ ।

यी आवश्यकताहरुलाई सम्बोधन गर्न विद्यमान राष्ट्रिय र अन्तराष्ट्रिय कानूनहरुको प्रभावकारी कार्यान्वयन जरुरी देखिन्छ ।

## कानून र महिला

नेपालको सन्दर्भमा २०४६ सालको जनआन्दोलनपछि नेपाल सरकारले नीतिगत रुपमा अन्तराष्ट्रिय अभिसन्धिहरुमा प्रतिबद्धता जनाउँदै आएको छ तर व्यवहारिक अभ्यासमा आइ नसकेको अहिलेको अवस्था छ । महिला विरुद्धको भेदभावले मानव प्रतिष्ठाप्रतिको सम्मान र समान अधिकारको सिद्धान्तको उल्लंघन गर्दछ । देशको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक विकासमा समेत व्यवधान उत्पन्न हुन जान्छ । यसै सन्दर्भमा, संयुक्त राष्ट्र संघले सन् १९७९ डिसेम्बर १८ मा महिला उपर हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न "महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन बिषयक महासन्धि (CEDAW) १९७९" भनिन्छ ।

## नेपालको राष्ट्रिय महिला आन्दोलनका उपलब्धीहरु

महिला अधिकारको सवाललाई राजनीतिक रुपबाट हेर्दा अहिले धेरै सकारात्मक उपलब्धीहरु हासिल भएका छन् । नेपालको राष्ट्रिय महिला आन्दोलनका उपलब्धीहरु यसरी हेर्न सकिन्छ :

- सती प्रथाको अन्त्य, कमारा कमारी प्रथाको अन्त्य
- महिलाहरुलाई मताधिकार प्राप्त भएको (२००४ सालमा )
- राज्यको नीति निर्माण तहमा महिला सहभागिताको सुरुवात २००९ सालमा भयो ४ जना महिलाहरु सहभागि भएका थिए ।
- पहिलो नगर निर्वाचनमा महिला जनप्रतिनिधिको रुपमा काठमाण्डौ नगरपालिका बोर्डमा २०१० सालमा निर्वाचित
- २०१५ सालमा आम निर्वाचनमा ६ जना महिलाहरुले उम्मेद्धारी दिएका थिए । १ जना निर्वाचित । त्यसवेलाको सरकारमा १ जना महिला स्वास्थ्य सहायक मन्त्री महिला बनाउनु पर्ने बाध्यात्मक व्यवस्था थियो ।
- स्थानीय निकाय निर्वाचन ऐन २०५४मा स्थानीय निकायमा २० प्रतिशत महिला निर्वाचित गराउनु पर्ने अनिवार्य व्यवस्था ।
- मिश्रित निर्वाचन प्रणाली अन्तरगत समानुपातिक तर्फ ५० प्रतिशत महिला सहभागिताको ग्यारेण्टी ।
- पहिलो संविधान सभामा ३३ प्रतिशत महिला सभासद निर्वाचित ।
- नेपालको संविधान २०७२ संविधानसभाबाट घोषणा ।



- नेपालको संविधानमा राष्ट्रिय सभामा ४० प्रतिशत र प्रतिनिधि सभा र प्रदेश सभामा ३३ प्रतिशत सहभागिताको ग्यारेण्टी ।
- स्थानीय निकायमा सदश्य पदमा ४० प्रतिशत महिला सहभागिताको ग्यारेण्टी ती मध्ये आधा दलित महिला हुनु पर्ने ।

## महिला अधिकारको क्षेत्रमा भएका अन्तराष्ट्रिय प्रयासहरु

### मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८

संयुक्त राष्ट्रसंघले सन १९४८को डिसेम्बर १० मा जारी गरेको मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रले महिला र पुरुषबीच कुनै भेदभाव हुने छैन भन्ने व्यवस्था गऱ्यो । यसैगरी सबै मानवअधिकार महिलाका पनि अधिकारहरु हुन । उक्त घोषणापत्रले विशेष सामाजिक सुरक्षालाई पनि स्पष्ट रुपमा व्यवस्था गरेको छ । सबै मानवअधिकारहरु हरेक व्यक्तिका आधारभूत अधिकारहरु हुन । घोषणापत्रले यी अधिकारहरुको सुनिश्चित गर्नका लागि राज्यको नैतिक दायित्वको रुपमा स्थापित गरेको छ । फलत : विश्वका हरेक व्यक्तिहरुको नागरीक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु प्रत्याभूत गराउन राज्यको दायित्व हुन पुग्यो ।

यसैगरी संयुक्त राष्टसंघले सन् १९७५ लाई अन्तर्राष्ट्रिय महिला वर्षका रुपमा मनाएको थियो । मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रको कार्यान्वयन मात्रैले पनि महिलाहरुको समानता, स्वतन्त्रता जस्ता विषयहरुमा यथेष्ट काम गर्न नसकिने कुराको महसुसीकरण भएसँगै मानवअधिकारको वास्तविक प्रत्याभूतिका लागि थप स्पष्ट व्यवस्था गर्नकालागि राष्ट्रसंघले महिलाहरुका क्षेत्रमा विशेष महासन्धिको अवधारणा अगाडि सार्दै अन्तत : महिला विरुद्ध हुने सबैखाले भेदभाव उन्मूलन सम्बन्धि महासन्धि पारित गऱ्यो ।



### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन सम्बन्धि महासन्धि-१९७९

संयुक्त राष्ट्रसंघले १८ डिसेम्बर १९७९ मा "महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन सम्बन्धि महासन्धि-१९७९" पारित गऱ्यो । यस महासन्धिमा नेपाल सरकारले सन् १९९१ अप्रिल २२ मा प्रतिबद्धता जनाउँदै हस्ताक्षर गऱ्यो ।

**महासन्धिका महत्वपूर्ण विशेषताहरु**

- महिलाको मानवअधिकारलाई बैधानिक मान्यता दिने महत्वपूर्ण दस्तावेज
- राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक क्षेत्रमा लिङ्गका आधारमा महिला र पुरुष जाति रहेकोले ती क्षेत्रमा भएका सबै प्रकारका भेदभाव, असमान व्यवहार, अभ्यास एवं प्रचलनहरुलाई अन्त्य गर्ने उद्धेश्य लाई प्रमुख मानिएको ।
- महिलाको मानवअधिकार संरक्षण लाई कानूनतः बाध्यात्मक हुने सिद्धान्त अङ्गीकार गरिएको ।

**महासन्धीमा भएका महत्वपूर्ण व्यवस्थाहरु यसप्रकार छन्-**

- संरचनात्मक भेदभावहरुलाई निर्मूल गर्न संवैधानिक र कानूनी व्यवस्था गर्ने ।

- राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक क्षेत्रहरुमा समान अधिकार तथा स्वतन्त्रताका लागि वैधानिक तथा अन्य कदमहरु लाल्ने ।
- छिटो समानता प्राप्त गरुन भन्ने अभिप्रायले महिलाको लागि बिशेष व्यवस्था गर्नुपर्ने ।
- मातृत्व र बालबालिका सम्बन्धी पारिवारिक शिक्षाको व्यवस्था गर्ने ।
- महिला किनबेच र वेश्यावृत्ती रोक्न वैधानिक कदम चाल्ने ।
- महिला उपर राजनीतिक र सार्वजनीक जीवनमा हुने भेदभाव निर्मूल गर्न आवश्यक उपाय अमनाउने ।
- सरकारले महिलालाई अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरुमा विना भेदभाव पुरुषसरह संलग्न गराउने ।
- महिला स्वयम् तथा सन्तानको राष्ट्रियताको सम्बन्धमा समान अधिकार उपलब्ध गराउने ।
- शिक्षामा समान अवसर प्रदान गर्ने ।
- रोजगारीको समान अवसर तथा सुत्केरी विदाको व्यवस्था गर्ने ।
- महिलाहरुलाई गर्भवती भएको बेला र परिवार नियोजनसँग सम्बन्धित अवस्थामा निश्चितरुपले नि:शुल्क सहयोग गर्ने ।
- कानुनी रुपमा समान अधिकार दिलाउने ।
- विवाह र पारिवारिक सम्बन्धमा बारेमा महिलाउपर हुने सम्पूर्ण भेदभाव निर्मूल गर्न कानुनी व्यवस्था मिलाउने ।
- महिलाहरुको राजनीतिक अधिकार बिषयक अभिसन्धिको मुख्य बिषयहरु (सन् १९५२ डिसेम्बर २० मा) पारित ।



**महिला सम्बन्धी महासन्धीद्वारा प्रदान गरिएका अधिकारहरु :**

धारा ६ : बेचविखन  तथा शोषण विरुद्धको अधिकार

धारा ७ : सामाजिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकार :

सामाजिक र राजनीतिक जीवनमा हुने भेदभावको अन्त्य गर्न मताधिकार, सार्वजानिक पद धारण गर्न पाउने अधिकार, नीति निर्माणमा सहभागि हुने अधिकार, निर्वाचनका लागि योग्य हुन पाउने अधिकार, संघ संगठनमा सरिक हुन पाउने अधिकार जस्ता अधिकारहरु

धारा ८ : अन्तराष्ट्रिय तहमा सहभागि हुन पाउने अधिकार ।

धारा ९ : राष्ट्रियता सम्बन्धि अधिकार

यस अन्तर्गत महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्न, परिवर्तन गर्न, वा धारण गर्न समान अधिकार प्रदान गरिएको छ । विदेशीसँग विवाह भएको कारण बाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको स्वत परिवर्तन नहुने, महिलाले आफ्नो इच्छा अनुसारको राष्ट्रियता धारण गर्न पाउने, सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुष सरह महिलालाई पनि समान अधिकार प्रदान गरिएको छ ।

धारा १० : शिक्षा सम्बन्धी अधिकार

धारा ११ : रोजगारीको अधिकार

यस अन्तर्गत रोजगारीमा महिलालाई समान अवसर, रोजगारी छनौटको अधिकार, पुरा तलव सहितको प्रसुती विदा अधिकार, गर्भवती महिलालाई

हानीकारक काममा लगाउन नपाउने अधिकार, समान पारिश्रमिक र सुविधा, गर्भवतीका आधारमा पदच्युत गर्न नपाउने अधिकार पर्दछन् ।

धारा १२ : स्वास्थ्य सम्बन्धी अधिकार

धारा १३ : आर्थिक तथा पारिवारीक लाभको अधिकार

धारा १४ : ग्रामीण महिलाको विशेष अधिकार

धारा १५ : कानूनी समानताको अधिकार

धारा १६ : विवाह तथा परिवार अधिकार

**विश्व महिला सम्मेलनहरु र महिला सरोकार**

**पहिलो विश्व महिला सम्मेलन १९७५ (मेक्सीको-सिटी)**

पहिलो विश्व महिला सम्मेलनले ६ वर्षे विश्व कार्ययोजनामा अघि सारेको थियो । उक्त कार्ययोजनामा निम्न विषयहरु समावेश गरिएको थियो ।

- महिलाहरुको साक्षरता र शिक्षामा स्पष्ट वृद्धि गराउने,
- अवसरको प्राप्तिमा समानता ल्याउने,
- रोजगारीमा बृद्धि गर्ने ,
- कल्याणकारी सेवाहरुमा वृद्धि गराउने,
- नागरीक, सामाजिक तथा राजनैतिक अधिकारहरुमा समानता ल्याउने,



- महिलाहरुको कामलाई आर्थिक महत्वलाई मान्यता दिने,
- संस्थाहरुमा महिला संगठनलाई प्रोत्साहन गर्ने
- ग्रामीण प्रविधि र सहायताको विकास गर्ने ।

**दोश्रो विश्व महिला सम्मेलन १९८० (कोपनहेगन- डेनमार्क)**

दोश्रो विश्व महिला सम्मेलनले राष्ट्रिय स्तरको कार्यक्रम तय गऱ्यो । उक्त कार्यक्रममा निम्न कार्यहरु समावेश गरिएको थियो ।

- महिला समानता, विकास र शान्तिका लागि संयुक्त दशक को लक्ष्यहरु कार्यान्वयन गर्ने ।
- महिला कार्यदलहरु जस्तै विभाग, आयोगहरु स्थापना गर्ने साथै महिला संगठनहरुसंग प्रभावकारी सम्बन्ध राख्ने ।
- राजनीतिक र निर्णय प्रकृयामा महिलाको समान सहभागिता प्रत्याभूति गर्ने कानून बनाउने ।
- महिलाका समस्याहरुप्रति आम सञ्चारले गर्ने व्यवहारको अध्ययन गर्ने र सुधारका उपायहरुको कार्यान्वयन गर्ने
- रोजगारी र समान पारिश्रमिकको सुनिश्चितता गर्ने ।
- समान अवसरको सुनिश्चितता गर्ने ।
- शारीरिक र मानसिक स्वास्थ्य कायम राख्ने र सामाजिक आर्थिक विकास गर्ने ।
- शिक्षा र क्षमता विकासका समान अवसरहरु दिने ।

**तेश्रो विश्व सम्मेलन १९८५( नैरोबी - केन्या )**

तेश्रो विश्व महिला सम्मेलनले दोश्रो सम्मेलनको कार्ययोजनाको प्रगतिको समीक्षा गरेको थियो । विश्वका १२४ मुलुकका सरकारबाट प्रस्तुत गरिएका प्रतिवेदनहरुका आधारमा ती देशका उद्धेश्यहरु पूर्ण रुपमा कार्यान्वयन नभएको र आशिंक रुपमा मात्रै कार्यान्वयन भएको निश्कर्ष निकालेको थियो । जसका आधारमा रहेर सम्मेलनले

- महिला समानता धेरै मुलुकहरुको सामाजिक समस्या रहेको,
- सन २००० सम्ममा महिलाहरुको प्रगति गर्न नैरोबी अग्रदर्शी रणनीति निर्माण, र
- महिला दशकका क्रममा स्वीकार गरिएका दस्तावेजहरुलाई कानूनी मान्यता र अग्रदर्शी रणनीतिको आधारका रुपमा स्वीकार गरेको घोषणा गरियो ।

**चौथो विश्व सम्मेलन**

सन १९९५मा चीनको राजधानी बेइजिङ्गमा बसेको चौथो विश्व महिला सम्मेलनले महिलाहरुको हक र अधिकारको व्यवस्था गर्न १२ वटा सरोकारका क्षेत्रहरुलाई प्रमुख सरोकारका रुपमा अघि सारेको थियो । ती सरोकारका क्षेत्रहरु यस प्रकार छन् :

**बेइजिङ्ग सम्मेलन र यसले उठाएका महिलाका सरोकारका क्षेत्रहरु**

१) महिला र गरीबी
२)महिला शिक्षा र तालिम
३) महिला र स्वास्थ्य



४) महिला विरुद्ध हिंसा
५) महिला र सशस्त्र विद्रोह
६) महिला र अर्थतन्त्र
७) नीति निर्माणमा महिला
८) महिला विकासका लागि संस्थागत संरचना
९) महिला र मानवअधिकार
१०) महिला र संञ्चार
११) महिला र वातावरण
१२) बालिका
यी सवालहरु नेपालको सन्दर्भमा पनि तत्कालिन सवालहरु नै हुन ।

**महिला अधिकारको क्षेत्रमा भएका राष्ट्रिय प्रयासहरु-**

*नेपालको संविधान*

१० वर्ष लामो सशस्त्र संघर्ष र १० वर्ष लामो संक्रमण पछि नेपाली जनताका प्रतिनिधिहरुले संविधान सभा मार्फत नेपालको संविधान प्राप्त गरे । नेपालको संविधान निर्माण प्रकृयामा नेपाली महिलाहरुको पनि सभागिता थियो । उक्त सहभागितामूलक संविधान लेखनले नेपाली महिलाहरुको अधिकारको सुनिश्चितताको आन्दोलनलाई उचाईमा पुऱ्याउने काम गऱ्यो ।

नेपालको संविधानको धारा ११ को उपधारा ५ मा नेपालको नागरीक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नागरिकता

प्रदान गरिने व्यवस्था गरेको छ । यसै गरी धारा १२ ले वंशीय र लैङ्गिक पहिचान सहितको नागरीकता प्रदान गर्ने र आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरीकता पाउन सक्ने व्यवस्था गरेको छ । त्यसैगरी सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७)को व्यवस्था गरेको छ । समानताको हक ( धारा १८) मार्फत कानूनी समानता, समान संरक्षण, अविभेद, लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगर्ने, पैत्रिक सम्पत्तिमा लैङ्गिक विभेद विना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्था गरेको छ । धारा २९मा शोषण विरुद्धको हक अन्तर्गत धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा हुने शोषण गर्न, वेचविखन, दास वा बाँधा बनाउन, निजको इच्छा विरुद्ध काममा लगाउन नपाइने व्यवस्था गरिएको छ र विपरित कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई पीडकबाट क्षतिपूर्ति भराउने हकको व्यवस्था गरेको छ । यसैगरी नेपालको संविधानको धारा ३८ मा महिलाको हकको छुट्टै व्यवस्था गरिएको छ । जस अन्तर्गत :

**नेपालको संविधानको धारा ३८ मा महिलाको हक**

१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ

२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ



३) महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।


५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । यसैगरी संविधानले सामाजिक न्यायको हक (धारा ४२) ले सामाजिक रुपमा पछाडी परेका महिला पनि समाबेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हकको व्यवस्था गरेको छ भने सामाजिक सुरक्षाको हक (धारा ४३) मार्फत विपन्न, असहाय, एकल, अपाङ्गता भएका बालबालिकाहरुको सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ ।

नेपालको संविधानको भाग ४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत राज्यका नीतिहरु( धारा ५१को( ञ) मा सामाजिक समावेशीकण सम्बन्धि नीति मार्फत असहाय अवस्थामा रहेका एकल महिलालाई सीप क्षमता, योग्यताको आधारमा रोजगारीमा

प्राथमिकता र जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिम, सामाजिक र पारिवारीक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनस्थापना, प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने जस्ता महत्वपूर्ण व्यवस्थाहरु गरिएको छ ।

**स्थानीय तहमा महिला सहभागिता सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था**






**नेपालको अन्तरिम संविधान-२०६३:**

समानताको हक अन्तर्गत नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने कुरा उल्लेख गरेको छ । उक्त धाराको उपधाराहरुमा सामान्य कानुनको प्रयोगमा र राज्यले नागरिकहरुकाबीचमा लिङ्गका आधारमा भेदभाव नगर्ने कुरा उल्लेख गरिएको छ भने प्रतिबन्धात्मक वाक्यांशमा महिलाका सशक्तिकरण र विकासका लागि कानुनद्वारा बिशेष व्यवस्था गर्न सकिने उल्लेख छ । त्यस्तै समान कामका लागि महिला र पुरुषकाबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने कुरा पनि समानताको हक अन्तर्गत उल्लेख छ । यसैगरी रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक अन्तर्गत धारा १८ को उपधारा २ मा महिलालाई कानुनमा व्यवस्था भएवमोजिम सामाजिक सुरक्षाको हक हुने कुरा उल्लेख छ ।

अन्तरिम संवधानको धारा २० मा महिलाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । नेपालको संवैधानिक इतिहासमा नै पहिलो पटक संविधानमा महिलाको हक भनेर छुट्टै अधिकारको व्यवस्था गरिएको थियो । धारा २० मा महिला भएकै कारणबाट कुनैपनि किसिमको भेदभाव नगरिने उल्लेख छ । यसबाहेक पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने कुराको संवैधानिक व्यवस्था अन्तरिम संविधानमा गरिएको अवस्था छ । यस्तै उपधारा २ मा प्रत्येक महिलालाई

प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने कुरा उल्लेख गरिएको छ । उपधारा ३ ले कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरवेको छ । उपधारा ४ मा पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने कुरा उल्लेख छ ।

**मुलुकी ऐनको संसोधनः**

मुलुकी ऐन २०२० मा रहेका महिलाहरुलाई भेदभाव गर्ने किसिमका प्रावधानहरुलाई खारेज गर्दै धेरै संसोधनहरु पनि भएका छन् । पछिल्लो पटक संशोधित मुलुकी ऐनमा भएका महिला अधिकार सम्बन्धी व्यवस्थाहरु यसप्रकार रहेका छन्-

- मातृत्व कायम राख्ने अधिकार
- कुनै व्यक्तिले चाहेमा आफ्नो नामको पछाडि आमा, बाबु वा दुवैको थर प्रयोग गर्न सक्ने
- छोरीलाई अंशियारको रुपमा स्वीकारेको ।
- विधवा महिलालाई अंशमा पूर्ण अधिकार ।
- लोग्नेको सम्पत्तिमा श्रीमतिलाई अंशको हक ।
- छोरीलाई पनि पालन, पोषणसम्बन्धी अधिकार ।
- सम्बन्ध बिच्छेदको समयमा महिलालाई अंशको हक ।
- लोग्ने भएकी महिलाले छोराछोरी नभए धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने ।



- अविवाहिता छोरीले पनि छोरा सरह अपुताली पाउने ।
- महिलाले स्वेच्छाले १२ हप्तासम्मको गर्भपतन गर्न सक्ने ।
- लिङ्गको आधारमा गर्भपतन गर्न नहुने ।
- बिशेष परिस्थितिमा जहिलसुकै गर्भपतन गर्न सकिने ।
- जबरजस्ती करणीमा सजाय बृद्धि ।
- बालविवाह र बहुविवाहमा सजाय बृद्धि ।
- परस्त्री/परपुरुष करणीमा सम्बन्धविच्छेदको अधिकार ।
- महिला र पुरुषको विवाह उमेरमा समानता कायम गरियो ।

२०७४ मा मुलुकी ऐनको संसोधन गरी यी व्यवस्थाहरुलाई देवानी, फौजदारी संहिता मार्फत थप व्यवस्थित गरिएको छ ।

महिला अधिकार प्रत्याभूतिका साथै लैंगिक समानता कायम गर्नका लागि मुलुकी ऐनमा गरिएको संसोधनलाई महत्वपूण कदमका रुपमा लिनुपर्दछ तर यो आफैंमा पर्याप्त भने होइन । यसै कुरालाई महसुस गर्दै २०६३ सालमा “लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्ने ऐन-२०६३” ले लैंगिक समानता कायम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

**घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६**

घरेलु हिंसाबाट सामान्यतः महिलाहरु नै अधिकांश रुपमा पींडित हुने गर्दछन् । नेपालको कानूनले घरेलु हिंसालाई दण्डनीय मानेर यस्तो हिंसा गर्नेलाई दण्ड सजायको व्यवस्था गरेको छ । यस कानूनको नाम

"घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६" हो । यो ऐन २०६६ बैशाख १४ गते पारित भई लागू भइसकेको छ, भने कसूर र नियमावली २०६७ समेत लागू भइसकेको छ ।

यस ऐनले घरेलु सम्बन्धभित्र वंशज, विवाहपछि भएको सम्बन्ध, धर्म सन्तानको कारण भएको सम्बन्ध, संयुक्त परिवारमा बस्ने सदस्यहरु, घरमा कामदारको रुपमा एकै परिवारमा बस्ने जोकोही व्यक्तिहरु बीच भएको वा हुन सक्ने सम्बन्धहरु भनी परिभाषित गरेको छ । ऐनले तल उल्लेखित चार किसिमका हिंसा गरेमा त्यसलाई दण्ड सजाय हुने व्यवस्था गरेको छ ।

**क) शारिरीक हिंसाः**

अंगभंग ठहर्ने, कुटपिट गर्ने, शारिरीक चोट पटक पुऱ्याउने, थुनामा राख्ने वा शारिरीक चोट पुग्न सक्ने भन्ने जानी जानी त्यस्तै अन्य कुनै काम गर्ने, गराउने कार्य महिलामाथि हुने शारिरीक हिंसा हो ।

**ख) मानसिक हिंसाः**

डर, धाक देखाउने, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुटा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने, गराउने कार्य साथै अरु मानिसको अघि बेइज्जत गर्ने, अनावश्यक शंका गर्ने, सार्वजनिक कार्यमा सहभागि हुन नदिनेजस्ता कार्यहरुलाई मानसिक हिंसा हुन् भनि परिभाषित गरिएको छ ।

**ग) यौनजन्य हिंसाः**



यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनैपनि कार्यका साथै वैवाहिक बलत्कार, विरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल कुरा देखाएर यौन कार्यका लागि बाध्य पार्नु जस्ता कार्यहरु यौनजन्य हिंसाका उदाहरणहरु हुन् ।

**घ) आर्थिक हिंसाः**

सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागि हुननदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमति नलिनु,आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुँच नहुनुजस्ता कार्यहरु महिलामाथि हुने आर्थिक हिंसा हुन् ।

**ऐनले निम्न चार ठाउँमा उजुरी दिन सक्ने व्यवस्था गरेको छ**

- प्रहरी कार्यालय,
- स्थानीय निकाय (गाविस/नगरपालिका/वडा कार्यालय),
- राष्ट्रिय महिला आयोग र
- अदालत

यी निकायहरु मध्ये अदालत बाहेकका निकायहरुमा पीडित वा अन्य कसैले उजुरी दिन सक्ने र अदालतको हकमा भने पींडित आफैंले उजुरी गर्न सक्नेछ ।

**हदम्याद :**

यस्तो उजुरी घरेलु हिंसा कसुर भए, गरेको मितिले ९० दिनभित्रमा सम्बन्धित निकायमा दिनुपर्दछ ।

सम्बन्धित निकायमा उजुरी परेपछि गाविस वा नगरपालिका वा प्रहरी कार्यालयले दुवै पक्षको मञ्जुरीमा उजुरी परेको ३० दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइनुपर्दछ । यदि मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरी गर्ने व्यक्तिको सहमतिले मेलमिलाप गर्ने म्याद (३० दिन) सकिएको मितिले १५ दिनभित्रमा उजुरी र प्रमाण कागजसहित जिल्ला अदालतमा पठाइदिनु पर्दछ ।

दण्ड सजायको हकमा कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैंयाँदेखि २५ हजार रुपैंयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ । घरेलु हिंसाको कसुरमा पहिले सजाय पाएको र पुन: सोही कसुर गरेको हकमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ । यस्तै सार्वजनिक पदमा बहाल रहेको कुनै व्यक्तिले ऐन वमोजिमको कसुर



गरेमा नीजलाई यस ऐनमा व्यवस्था गरिएकोसजायमा थप १० प्रतिशत सजाय हुनेछ ।

**महिलाका क्षेत्रमा विद्यमान ऐन तथा नीतिहरुले प्रदान गरिरहेका सेवा सुविधाहरु :**

| सेवा /सुविधा | नीति / ऐन | व्यवस्था |
|---|---|---|
| पारिश्रमिक आयमा छुट | आयकर ऐन २०५८ (संसोधन सहित) | महिलाको पारिश्रमिक आयमा १० % छुट हुने |
| आयकरमा छुट | आयकर ऐन २०५८ (संसोधन सहित | महिला दलित वा अपाङ्गता भएका व्यक्तिहरु मध्ये कम्तिमा ३३ % समेतलाई समावेश गरी १०० भन्दा बढी नेपाली नागरीकलाई रोजगार दिने उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा २० % |
| उद्योग दर्तामा छुट | औद्योगीक नीति, २०६७ | महिलाको नाममा उद्योग दर्ता शुल्कमा ३५ %<br>ट्रेडमार्क दर्ता शुल्कमा २०% |
| उद्यमशीलतामा विना धितो कर्जा प्रवाह | महिला उद्यमशीलता विकास कोष (सञ्चालन कार्यविधि) २०६९ | महिलाको नाममा उद्योग स्थापना, सञ्चालन र प्रवर्धन गर्न एक आर्थिक वर्षमा रु ५ लाख सम्म ६ % व्याजदरमा कर्जा प्रवाह गर्ने |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर मा छुट | आर्थिक ऐन,२०७३ | महिलाको नाममा स्वामित्व प्राप्त हुने लिखतको रजिष्ट्रेशन दस्तुरमा २५ % छुट, हिमाली क्षेत्रमा तोकिएको स्थानको घर जग्गा रजिष्ट्रेशन दस्तुरमा ५०%, एकल महिलाको हकमा ३५ % छुट साथै साविकको घरजग्गा दम्पतिको संयुक्त नाममा लिखत गर्न चाहेमा रु १०० मात्र रजिष्ट्रेशन लाग्ने । |

| | | |
|---|---|---|
| पति पत्नी दुवैको नाममा जग्गा दर्ता | जग्गा दर्ता सम्बन्धी गठन आदेशहरु, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति-पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने व्यवस्था । |
| लैङ्गिक हिंसा पीडितहरुलाई सहायता | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०६७ र कार्यविधि २०६७ | क) तत्काल उद्धार गर्नु पर्ने भए यातायात र खाना खर्च बापत दैनिक २५० का दरले बढीमा ३०००<br>ख) औषधी/उपचार वापत बढीमा रु २ हजार ।<br>ग) कानूनी सहायता : बढीमा रु५,००० सम्म ।<br>घ) व्यसाय गर्न बीउ पुँजी नगद वा वस्तु : बढीमा रु २०,०००।-<br>ङ) पुनस्थापना : बढीमा रु ५००० ।-<br>च) सञ्चालक समितिले तोकेको कामका लागि बढीमा रु १०हजार।<br>छ) माथिका रकम अपर्याप्त ठहरिएमा राहत समितिले रु २००० सम्म थप गर्न सक्ने ।<br>ज) पीडितलाई गम्भीर मानवीय क्षति हुने देखिएमा समिति अध्यक्षले पछि अनुमोदन गराउने गरि मनासिव माफिकको रु ५० हजार सम्म रकम । |
| एकल महिला सुरक्षा सहायता | एकल महिला सुरक्षा कोष, २०७१ | एकल महिलाका लागि जिल्ला स्तरीय समितिको निर्णय बाट :<br>क) उद्धार र पुनस्थापनाका लागि : बढीमा ५ हजार<br>ख) घरै बसी उपचार गरे भाडा र औषधी उपचारका लागि : २ हजार सम्मको बील बमोजिम । |



| | | |
|---|---|---|
| | | ग) अस्पताल भर्ना भए यातायात, कुरुवा १, औषधी सहित प्रतिदिन रु ३०० ले बढीमा ६,५०० सम्म बील बमोजिम ।<br>घ) विशेष अवस्थाको औचित्य र आवश्यकताको आधारमा थप ४,०००<br>ङ) कानुनी सहायता अन्तर्गत यातायात, दैदस्तुर सेवा वापत सामान्य अवस्थामा रु ५००० विशेष अवस्थामा निर्णय गरेर थप २५०० सम्म वील बमोजिम ।<br>च) सीप तथा उद्यमशीलताका लागि रु ५,००० र अन्य तालिममा रु १५०० प्रतिव्यक्ति बढीमा ६५०० बील ननाघ्ने गरी बील बमोजिम ।<br>छ) केन्द्रिय समितिको निर्णयले एकल महिलाको क्षेत्रमा काम गर्ने संघसंस्थालाई बढीमा रु ५ लाख सम्म ।<br>ज) स्वरोजगार कार्यक्रम अनुसार जिल्ला समितिको निर्णय अनुसार प्रति परिवार बढीमा रु २५ हजार । |
| मानव वेचविखन तथा ओसार पसार पीडितहरुलाई सहायता | मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली, २०६५ | क ) पुनस्थापना केन्द्र स्थापना र सञ्चालन गरी पीडितहरुलाई राख्ने ।<br>ख) केन्द्र मार्फत औषधी उपचार र परामर्श सेवा<br>ग) कसुरदार बाट ५० % नघट्ने गरि क्षतिपूर्ति भराइदिने, कसुरदार निम्न आर्थिक अवस्थाको भए केन्द्र बाट भराई दिने । |
| घरेलु हिंसा पीडितहरुलाई सहायता | घरेलु हिंसा कसुर र सजाय ऐन २०६६ र नियमावली २०६७ | पीडितलाई भएको शारीरिक चोटपटक वा मानसिक यातना को उपचार गराउँदा लागेको खर्च र हिंसाबाट असक्त भई अस्पताल उपचार गराउँदा लागेको संपूर्ण खर्च पीडकले व्यहोर्नु पर्ने । |

| | | |
|---|---|---|
| घरेलु हिंसा पीडितलाई जिल्ला सेवा केन्द्र बाट हुने सहयोग | महिला विकास कार्यक्रम सञ्चालन मार्ग दर्शन, २०७२ | क) सुरक्षीत अल्पकालिन आश्रयमै बसी उपचार गराउँदा यातायात र औषधी बापत रु २ हजार सम्म<br>ख) अस्पताल भर्ना भए यातायात, परीक्षण, औषधी र ५ दिनसम्मको विरामी कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु ३००ले बढीमा ६५०० सम्म ।<br>ग) विशेष अवस्थामा निर्णय बाट थप ४००० सम्मको यथार्थ खर्च ।<br>घ) कानूनी उपचारका लागि एक जना साथी सहित यात्रा खर्च, दैदस्तुर र सेवा बापत सामान्य अवस्थामा रु २५०० सम्मको यथार्थ खर्च ।<br>ङ) अल्पकालिन आवासमा वस्दा फुटकर खर्च बापत दैनिक रु १५।-<br>च) फिर्ता संप्रेषण हुँदा साथी समेतको मीतव्ययी भाडा, बीचमा बास वस्नु नपरे यात्रु खर्च प्रतिव्यक्ति रु ५० र बास बस्नु परे प्रतिव्यक्ति रु ३०० ।-<br>छ) अल्पकालिन आश्रयमा बस्दा खानेकुराका लागि साथी समेतको दैनिक रु ३०० ।-<br>ज) मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु १ हजार ।<br><br>**सामुदायिक सेवा केन्द्रबाट उपलब्ध सेवाहरु**<br>क) प्राथमिक उपचारका लागि प्रति प्रभावित रु १००० सम्मको यथार्थ खर्च ।<br>ख) नभइ नहुने लुगाकपडा प्रतिव्यक्ति रु १५सय सम्म।<br>ग) संरक्षणमा रहेको अवधिभर प्रतिव्यक्ति खाना बापत रु ३००।-सम्म |



| | | |
|---|---|---|
| | | घ) जीविकोपार्जन अनुदान प्रतिपरिवार रु १५ हजार ननाघ्ने गरी सम्बन्धित केन्द्रको निर्देशन समितिले स्वीकृत गरेको रकम । |
| बोक्सीको आरोप पीडितलाई सहयोग | बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ | क) पीडित शारीरिक वा मानसिक रुपले**२९** पीडित भई उपचार गराउनु परेमा पीडकले व्यहोर्नु पर्ने । पीडकको आर्थिक अवस्था कमजोर भएमा सो खर्च लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना हुने ।<br>ख) पीडकले पीडकलाई क्षतिपूर्ति दिइने । पीडक कमजोर छ भने अदालतले नेपाल सरकारले व्यहोर्ने गरी आदेश दिने ।<br>ग) पीडित लाई तत्काल सुरक्षा प्रदान गर्नु पर्ने आवश्यक भए सेवा केन्द्रमा राखिने । |
| राष्ट्रिय महिला आयोगमा दिने निवेदन दस्तुर छुट | राष्ट्रिय महिला आयोग नियमावली, २०६५ | घरेलु हिंसा, लैङ्गिक हिंसामा आधारित पीडितहरुले आयोगमा निवेदन दिँदा कुनै पनि दस्तुर नलाग्ने । |
| नवीकरण उर्जा अनुदान | नवीकरण उर्जा अनुदान नीति, २०६९ | क) तोकिएको साना जलविद्युत, लघु जलविद्युत आयोजनामा सरकारले पहिचान गरेका लक्षित वर्ग र एकल महिलाका लागि प्रति घरधुरी थप रु २,५०० ।- अनुदान<br>ख) विद्युत सेवा नपुगेका ग्रामीण क्षेत्रमा खानेपानीका लागि सौर्य विद्युत पम्पका लक्षित वर्ग साथै एकल महिलाको हकमा प्रति लक्षित घरधुरी थप रु २५,०० अनुदान ।<br>ग) तोकिएको आयआर्जन तथा रोजगारी सृर्जना गर्ने उद्धेश्यको तोकिएको क्षमताको खाद्य पदार्थ सुकाउने सौर्य ड्रायरमा सबैलाई प्राप्त हुने अनुदानका अतिरिक्त उपभोक्ता मध्ये तोकिएकालक्षित वर्ग र एकल महिलाको संख्या ५०% भन्दा बढी भए थप रु |

| | | |
|---|---|---|
| | | २०हजार अनुदान ।<br>घ) एकल महिलाका लागि प्रतिप्लान्ट प्रतिघरधुरी सरकारले तोकेका जिल्लाहरुमा निम्न थप अनुदानको व्यवस्था :<br>२ घनमिटरको प्लान्टमा :<br>हिमाली जिल्ला ३,००० पहाडी/तराई रु २,०००<br>४ घनमिटरको प्लान्टमा<br>हिमाली जिल्ला ३,५०० पहाडी/तराई रु २,५००<br>६ घनमिटरको प्लान्टमा<br>हिमाली जिल्ला, ४,००० पहाडी/तराई रु ३,०००<br>ङ) एकल महिलाको घरपरिवारलाई फलामको सुधारिएको चुल्हो जडान गर्न थप रु १ हजार<br>च) एकल महिलाका परिवारले सञ्चालन गरेको व्यवसायका लागि रु १० हजार भन्दा बढी नहुने गरी थप अनुदान १०%ले हुने रकम । |
| द्वन्द्व प्रभावित महिलालाई अनुदान | नागरीक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ (प्रथम संसोधन, २०६८) | द्वन्द्वको अवधिमा द्वन्द्वको कारण मृत्यु भएका वा वेपत्ता पारिएका व्यक्तिका पत्नीलाई जीवन निर्वाहका लागि एकमुष्ट रु २५,०००।- |
| छात्रावृत्ति व्यवस्था | शिक्षा ऐन २०२८ | सामुदायिक विद्यालयहरुमा छात्राहरुलाई निशुल्क शिक्षा, संस्थागत विद्यालयमा महिला विद्यार्थीसमेतका लागि १०% नघट्ने गरी छात्रवृत्ति दिइने । |



| | | |
|---|---|---|
| कमलरी विद्यार्थीहरुलाई छात्रावृत्ति | छात्रावृत्ति कार्यान्वयन निर्देशिका, २०६८ | घरबाटै विद्यालय जाने मुक्त कमलरीहरुलाई प्रतिवर्षको १० महिना सम्म :<br>कक्षा १ -८ सम्मका लागि मासिक रु १५०।-<br>कक्षा ९-१० सम्मका लागि मासिक रु १८०।-<br>कक्षा ११-१२ सम्मका लागि मासिक रु ५००।-<br>डेरा वा छात्रावासमा वस्नुपर्ने प्रतिकमलरी मासिक रु ३०००।- आवसीय छात्रवृत्ति उपलब्ध गराउने । |
| निरन्तर छात्रावृत्ति | छात्रावृत्ति कार्यान्वयन निर्देशिका, २०६८ | आधारभूत तह (कक्षा १-८)मा भर्ना भई निरन्तर अध्ययनरत सबै छात्रालाई प्रतिछात्रा वार्षिक रु ४००।- |
| आरक्षण छात्रवृत्ति (प्राविधिक डिप्लोमा तथा प्रमाणपत्र तह) | डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७१ | प्राविधिका प्रवेशिका वा सो सरह उत्तीर्ण गरेका महिलाहरुलाई डिप्लोमा तथा प्रमाणपत्रको निशुल्क अध्ययनका लागि २५% सिट आरक्षण । एकल महिलालाई प्राथमिकता दिने गरी ९ जना महिलालाई मासिक रु ५०००।-का दरले निर्वाह छात्रवृत्ति । |
| बैदेशिक रोजगारी सम्बन्धी अभिमूखीकरण | बैदेशिक रोजगारी नियमावली, २०६४ | बैदेशिक रोजगारीमा छनौट भएका महिलाले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क शोधभर्ना हुने व्यवस्था । |
| सुरक्षा-गृहको व्यवस्था | बैदेशिक रोजगारी नियमावली, २०६४ | तेश्रो मुलुकमा बैदेशिक रोजगारीको सिलसिलामा शोषणमा परी वा अन्य कारणवस उद्धार गरी अस्थायी रुपमा राख्नको लागि साउदी अरेविया, संयुक्त अरव इमिरेट्स, कतार र ओमानमा नेपाली |

| | | |
|---|---|---|
| | | महिलाहरुको लागि निशुल्क सुरक्षा गृहको व्यवस्था छ । |
| सामाजिक सुरक्षा | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि। २०६९ | महिला जेष्ठ नागरीक र एकल महिला समेतलाई मासिक सामाजिक सुरक्षा भत्ता । |
| प्रसुति विदा | निजामती सेवा नियमावली, २०५० | महिला निजामती कर्मचारी सुत्केरी भएमा निजले सुत्केरी अघि पछि गरी ९८ दिन तलवी प्रसुती विदा, दुईवटा वच्चाको लागी जनही एकमुष्ट रु ५,००० शिशु स्याहार भत्ता को व्यवस्था । पुरुष निजामती कर्मचारीको पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीको सुत्केरी अघिपछि पन्ध्रदिन तलवी प्रसुति स्याहार विदा पाउने । |
| निजामती सेवामा आरक्षण | निजामती ऐन, २०४९ | निजामती सेवामा खुल्ला प्रतियोगीताद्वारा पद पुर्ति हुने पद मध्ये ४५ % पद छुट्याई सो प्रतिशत लाई १०० % मानी त्यस मध्ये ३३% महिलाको आरक्षणको व्यवस्था । |
| आमा सुरक्षा कार्यक्रम | आमा सुरक्षा कार्यक्रम निर्देशिका २०५६ | कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा गई सुत्केरी गराउने महिलाले यातायात र अन्य सुविधावापत हिमाली क्षेत्रमा रु १५,००।- पहाडी क्षेत्रमा रु १,०००।- र तराईमा रु ५००।- ४ पटक गर्भवती पूर्व सेवा लिई स्वास्थ्य संस्थामा प्रसुति गराएबापत महिलाले यातायात खर्च बापत रु ४०० ।- |
| महिला स्वास्थ्य कार्यक्रम | पाठेघर(आङ) खस्ने समस्याको उपचार तथा शल्यक्रिया सम्बन्धी | आँङ खस्ने समस्या भएका महिलालाई शल्यक्रियाका लागि स्वास्थ्य संस्था तथा सिविर जाँदा आउँदाको यातायात खर्च बापत हिमाली जिल्लामा रु १५००।- पहाडी क्षेत्रमा रु १०००।- र तराईमा रु ५००।- पाउने । |



| | | |
|---|---|---|
| | कार्यविधि निर्देशिका, २०६५ | गर्भवती र स्तनपान गराई रहेका महिलालाई निशुल्क आईरन चक्की र फोलिक एसिड तथा गर्भवती महिलालाई ४०० मिलिग्राम एलबेण्डाजोल उपलब्ध गराउने । |
| मातृस्वास्थ्य कार्यकर्तालाई पोसाक भत्ता | बजेट आर्थिक वर्ष २०७२/७३ | मातृ स्वास्थ्य कार्यकर्ताहरुलाई पोसाक भत्ता बापत रु ६,०००।- व्यवस्था । |
| निशुल्क गर्भपतन | बजेट आर्थिक वर्ष २०७२/७३ | सरकारी स्वास्थ्य संस्थामा कानूनी रुपमा गर्भपतन गराउँदा शुल्क नलाग्ने व्यवस्था । |
| पैत्रिक सम्पत्ती र प्रजनन स्वास्थ्यसम्बन्धी हक | नेपालको संविधान | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनज स्वास्थ्यसम्बन्धी हकका अतिरिक्त पैत्रिक सम्पत्तिमा भेदभावविना समान हकको व्यवस्था छ । |

*श्रोत : महिलाका सुविधा सम्बन्धी सूचना, राष्ट्रिय सूचना आयोग काठमाण्डौ, २०७३ असार*

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले महिलाका क्षेत्रमा गरेका केही व्यवस्थाहरु**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले महिलाका क्षेत्रमा विभिन्न व्यवस्थाहरु गरेको छ । ऐनको परिच्छेद ३को दफा ११ गाउँपालकि, नगरपालिकाको काम, कर्तव्य र अधिकारमा मानवविकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क तथ्याङ्क संकलन, प्रसोधन, राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता गर्न र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक गर्ने र अभिलेखन गर्नुपर्ने व्यवस्था गरेको छ । यसैगरी जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापको कर्तव्य पनि उल्लेख गरेको छ । यसका अतिरिक्त व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याँङ्क राख्ने व्यवस्था गरेको छ ।

ऐनले, वडा समितिको काम, कर्तव्य, र अधिकार अन्तरगत योजना तर्जुमा सहभागितामूलक गर्नु पर्ने, वडा भित्र आर्थिक सामाजिक रुपले पछि परेका महिला, बालबालिका, दलितको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने, बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, कमलरी प्रथा, छाउपडी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने र गर्न लगाउने कार्यलाई पनि अधिकार र कर्तव्यको क्षेत्रमा राखेको छ ।

सडक बालबालिकाको उद्धार र पुनस्थापनाको लगत संकलन, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएको समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि योजना बनाउनु पर्ने भनि योजना निर्माणको प्राथमिकतामा राखेको छ ।

स्थानीय सरकारको न्यायिक कार्य अन्तरगत विवादको निरुपण गर्दा जेष्ठ नागरीकहरुको हेरचाह, नावालक छोराछोरी, वा पति-पत्नीलाई इज्जत आमद अनुसार खानलाउन वा शिक्षा नदिएको विवादमा पीडितलाई सोका लागि संरक्षणात्मक आदेश सम्म दिने व्यवस्था गरेको छ ।

स्थानीय सरकारको राजस्व परामर्श समितिमा कार्यपालिकाले तोकेका सदश्यहरुमा कम्तिमा एक महिला हुनु पर्ने व्यवस्था छ । यसैगरि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुनेगरी अध्यक्ष वा प्रमुखले तोकेका चार जना कार्यपालिका सदश्यहरु रहने व्यवस्था छ ।



**निश्कर्ष :**

महिला आन्दोलन, महिला अधिकारका सवालहरु र राज्यले गरेका विभिन्न चरणका कानूनी व्यवस्थाहरु, संवैधानिक व्यवस्थाहरुलाई हेर्दा, नेपाली महिलाको हकमा राजनैतिक व्यवस्थामा धेरै ठूलो उपलब्धि हासिल भएको अवस्था छ । तर, बनेका नीति, नियम, कानूनहरु, कार्यक्रमहरु र सेवा सुविधाका बारेमा महिला, समुदाय, र सरोकारवालाहरुमै पर्याप्त जानकारी नहुनु, योजनाबद्ध क्रियाकलापहरु नहुनु, व्यवहारिक अभ्यासमा दत्तचित्त भएर क्रियाशील नहुनु जस्ता पक्षहरुका कारण भएका सेवा सुविधाहरुमा महिलाको पहुँच, सहभागिता र लाभ बाट बञ्चित भइरहेको अहिलेको अवस्था छ । जसले गर्दा राज्यको लगानीको दुरुपयोग, समयको बर्वादी, र महिलाको शशक्तीकरणको अवस्थामा व्यवधान आउने र महिलाहरु अझै न्यायको नजिक पुग्न नसक्ने, उल्टै हिंसाको चपेटामा परिरहनु पर्ने अवस्था देखिन्छ । यसर्थ, महिलाहरुको पहुँच, सहभागिता र अधिकारको उपभोगलाई सारभूत समानताको अवस्थामा पुऱ्याउन स्थानीय तहमा महिलाहरुकालागि दीगो विकासका लागि दीर्घकालिन योजनाको तयारी र प्रभावकारी कार्यान्वयनको आवश्यकता देखिन्छ । यसैगरी राज्यको पुनःसंरचना पूर्व व्यवस्था भएका सेवा र सहुलियतहरु पुनः संरचना सँगै नियमित गर्न विशेष ध्यान जानु जरुरी देखिन्छ ।

●●●

# जातीय विभेद र दलित समुदाय

## नेपालमा जातीय विभेदको इतिहास

परम्परागत सामाजिक, धार्मिक मान्यतामा अडेको नेपालको शासकीय प्रणाली र त्यसले अवलम्बन गरेको कानूनी व्यवस्थाका कारण लामो ऐतिहासिक कालखण्ड देखि अमानवीय व्यवहार खपिरहेको समुदाय हो दलित समुदाय । ऋग्वेदको(इपु : २०००-१२००) दशौं मण्डलको पछिल्लो खण्डमा ईश्वररुपी महापुरुषको रुपलाई व्याख्या गर्दा ब्राह्मण (यज्ञ, शिक्षा वा सल्लाहकार, विशेषज्ञ) जस्तो मुख भएको, क्षत्री (लालन पालन, रेखदेखगर्ने, कार्यकारी) जस्तै सक्षम हात भएको, वैश्य (उत्पादन र व्यापार, वित्त व्यवस्थापक, खास गरेर टाढा सम्म हिँड्दापनि नथाक्ने) बलिया गोडा भएको र शुद्र (परसेवा, श्रम कार्यान्वयन गर्ने, श्रमिक, सिङ्गो शरीरको भार थाम्न सक्ने कर्मचारी) गोडा भएको र त्यस व्यक्तिको हातका दश औंलामा यो ब्रह्माण्ड रहेको भनेर भनिएको छ ।

ऋग्वेदकै विभिन्न मण्डलहरुमा मानवहरुलाई पाञ्चजन्य अथवा पाँच प्रकारका जातीहरु भनेर व्याख्या गरिएको छ । जसका आधारमा ब्राह्मण( ऋषि, सल्लाहकार, पथ प्रदर्शक), क्षत्री (राज्य सञ्चालन गर्ने कार्यकारी), वैश्य (वित्त व्यवस्थापक, आपुर्तिकर्ता) र शुद्र (काम सम्पादन गर्ने देशका



कर्मचारी र सिपाहीहरु) चार प्रकारका सरकारका अङ्गहरु र पाँचौं जाती प्रजा वा जनता भनेर उल्लेख भएको पाइन्छ ।

एउटा समाजमा यी ४ पक्षहरु ज्ञानसीप, रेखदेख, व्यापार र श्रम पर्दछन् । यीनीहरुको परिचालनले त्यहाँका नागरीकहरुको हित हुनु पर्दछ भन्ने ऋग्वेदको भनाई पाइन्छ ।

तर, तत्कालिन शासक वर्गहरुले यी ४ प्रकृतिका क्षेत्रमा जो जो व्यक्ति लागे तिनीहरुका सन्तानहरु त्यही जातीको हुने, जसका कारण उनीहरुका आफ्ना सन्तन्तिहरु सधैं राज्य शक्तिमै रहने नियम लागु गरे । फलत : हिन्दु वर्णाश्रमलाई आधार मान्दै श्रम विभाजन र विभाजित श्रमलाई वंशीय श्रमका आधारमा निरन्तरता दिने रजौटाबादी परंम्पराले श्रमिकका सन्तन्तिलाई श्रमिकमै रहन बाध्य पार्‍यो । त्यस व्यवस्थालाई नीति संगत देखाउनका लागि वेदले नै विभाजन गरेको भनेर अपव्याख्यालाई प्राथमिकता दिइएको देखिन्छ र भविष्यमा कसैले खास व्याख्या गरेर यो मान्यता भत्किन नसकोस भनेर धर्मशास्त्रहरुमा निश्चित जाती वा समुदायले बेद पढ्न नहुने, सुन्न नहुने, व्याख्या गर्न नहुने र त्यसो गरे दण्डनीय अपराध हुने व्यवस्था बनाउँदै उक्त तर्कलाई लादिएको देखिन्छ । जसले समाजमा विभेद र अध्ययनको बाटोलाई एकै पटक राखेर तत्कालिन राज्य सत्तालाई सदैव टिकाउन सहज भएको देखिन्छ ।

नेपालको सन्दर्भमा  करिव दुई हजार वर्ष (लिच्छवीकाल :-सन् २००-८००) देखि यो समुदाय शिक्षा र सम्पत्तिबाट पूर्ण वञ्चित गरिएको देखिन्छ । यसको मुख्य अभ्यास नेपालको राजतन्त्रसम्म देखिन्छ । राजाको छोरा राजा हुने, ब्राह्मणको छोरा ब्राह्मण हुने परम्परालाई हेर्न सकिन्छ ।

वर्णाश्रम, वर्णाश्रमको जातीयकरण र जाती जाती वीचमा फरक कानून र अधिकारको व्यवस्था गर्दै कुनै जातीलाई उच्च सुविधा र कुनैलाई वञ्चित गर्ने कानूनी व्यवस्था र धार्मिक मान्यताका कारण शुद्रवर्ग भनेर विभाजित गरिएको समुदाय हो दलित । जुन समुदाय अरु समुदाय भन्दा न्यून तहको, अरुको सेवा गर्नु पर्ने, र उक्त समुदाय अछुतको रुपमा कानूनी व्यवस्था भएको थियो । नेपालको इतिहासलाई हेर्दा लिच्छवीकालमा चार वर्ण अठार जातको रुपमा विभाजनन गरिएको थियो ।मल्लकालीन राजा जयस्थिति मल्ल (१४३८-१४४२) सम्म आईपुग्दा चार वर्ण ३६ जातमा विभाजन भएको देखिन्छ । मल्लकालमा आइपुग्दा कथित तल्ला जातका व्यक्तिहरुलाई अधिकार बाट वञ्चित गरेको देखिन्छ । नेपालको पहिलो संहितावद्धकानून (ऐन ) वि.सं. १९१० मा जंगबहादुर राणाको पालामा जारी भएको थियो जसले छुवाछुत गर्नु पर्ने कानूनी प्रावधान राखेको थियो । जसले जात अनुसारको काम र फरक फरक सजायको व्यवस्था गरेको थियो । यो कानूनी व्यवस्था ११० वर्ष सम्म अभ्यासमा रह्यो, जसका कारण छुवाछुत नगर्नु अपराध र छुवाछुत गर्नु



न्याय बन्यो । फलत : नेपाली समाजमा छुवाछुत सामाजिक र कानूनी परम्पराको रुपमा स्थापित भयो, संस्कारको रुपमा स्थापित भयो ।

**दलित समुदायको वर्तमान अवस्था**

लामो समय देखि छुवाछुतको मारमा परेको समुदायका सबै जातीहरुलाई नै दलित समुदाय भनेर चिनिन्छ । कानूनी रुपमा छुवाछुत अपराधको रुपमा निषेध भएको पचास वर्ष नाघिसकेको अहिलेको अवस्थामा पनि नेपालका सबै कुनामा छुवाछुतको प्रचलन यथावत छ । छुवाछुत अमानवीय कार्य र अपराध हो भनेको पचास वर्ष नाघि सक्दा पनि नियमित हुनुमा फितलो कानूनी व्यवस्था र कार्यान्वयन हो भन्न सकिन्छ ।

कानूनमा समानता लेखिएपनि व्यवहारमा अमानवीयता, हिंसात्मक अवस्था र दलित समुदायको न्यूनतम मानवीय मूल्य प्रति समाजले अझै पनि सम्मान गर्न सकेको छैन । दलित भएकै कारण रोजेको पेशा गर्न नपाउने अवस्था अझै छ ।

नेपालको तथ्याँङ्कलाई हेर्दा सबै भन्दा धेरै बाल मृत्युदर, सबै भन्दा कम औषत आयु, सबै भन्दा कमजोर आर्थिक स्थिति, कुपोषण, अशिक्षा भएको जनसंख्या भनेको नै दलित समुदाय हो । जो हजारौं वर्ष देखि शिक्षा, स्वास्थ्य र सम्पत्तिको अधिकार बाट विमुख भएको वर्ग हो ।

कहिले घर भित्र पसेको निहुँमा, पानीको धारा छोएको निहुँमा, अरु जातीका व्यक्ति सँग विवाह गरेको नाममा यातना, अमानवीय व्यवहार खपिरहेको समुदाय हो दलित समुदाय । कतिपयले त ज्यान गुमाउनु परेको छ भने कतिले जीवन रक्षाका लागि समाज छोडेर भाग्नु परेको अवस्था अहिलेको तत्कालिन अवस्था हो । न्याय दलित समुदायका लागि धेरै टाढाको विषय भएको छ ।

हरेक नागरीक राज्यका भागिदार हुन र उनीहरुको सहभागिता हुन पर्दछ भन्ने लोकतान्त्रिक मान्यता र लोककल्याणकारी अवधारणाका बावजुद दलित समुदायहरुको उचित शिक्षा, क्षमता विकास र सहभागिताका लागि आवश्यक वातावरण पर्याप्त नहुँदा उनीहरुको सहभागिता एकदमै न्यून रहेको छ । उनीहरुको शिक्षा, स्वास्थ्य र क्षमता विकासका लागि यथेष्ट व्यवस्था नभएको अवस्था छ ।

राज्यले विभेदकारी ऐनहरुमा सुधार गर्दै, संविधान र कानूनहरु मार्फत दलित समुदायका अधिकारहरुलाई स्पष्ट, विशिष्ट र प्रभावकारी वनाउँदै लगिरहेको अर्को आशालाग्दो पाटो पनि छ । अहिले सम्म बनेका कानूनहरुको प्रभावकारी कार्यान्वयन हुने हो भने मात्रै पनि दलित समुदायको सम्मान, न्याय र सहभागिता सुनिश्चित हुने देखिन्छ ।

तर, बनेका कानूनहरु, कार्यक्रमहरु, राज्यले प्रदान गर्ने सेवाहरुका बारेमा दलित समुदाय, गैह्रदलित समुदाय र सरोकारवालाहरुमा यथेष्ट जानकारी



नहुनाले अज्ञानतावस पनि धेरै भुलहरु गरिरहेको र जसले दलितका सुनिश्चित भएका अधिकार र सेवाहरुमा लाभ लिन नसकिरहेको अवस्था छ ।

अर्कोतर्फ भएका वा उपलब्ध सेवा सुविधाहरु के का लागि? भन्ने बारेमा लाभग्राही र सरोकारवालाहरुमा ज्ञानको कमीका कारण ती सुविधाहरु फरक प्रयोजनमा लगाईरहेको, दुरुपयोग भइरहेको अहिलेको अवस्था छ ।

पुरुषप्रधान सामाजिक संरचनामा आधारीत नेपाली समाजमा महिलाहरु अझैपनि दोश्रो दर्जाको, आश्रित र शासित सदश्यको रुपमा पारिवारिक र सामाजिक व्यवहार गरिन्छ । यसर्थ, दलित महिलाहरु दोहोरो विभेदमा परिरहेका छन् । एक दलित भएका कारण समुदायमा विभेदीकरणमा परेका छन् भने दोश्रो महिला भएका कारणले परिवारमा पनि विभेदमा परेका छन् । उनीहरुको अवस्था सबैभन्दा कमजोर छ ।

**बुँदागत रुपमा दलितका विद्यमान सवालहरु**

- छुवाछुत
- जातीय विभेद
- गरीवी
- शिक्षा
- स्वास्थ्य
- सम्मान पूर्वक सहभागिता (गुणात्मक तथा निर्णायक सहभागिता)

- विद्यमान नीति तथा कानूनहरुको प्रभावकारी कार्यान्वयन ।
- राज्यले प्रदान गरेका सेवाहरुमा पहुँच र लाभ
- अवसर तथा सुविधाहरुको न्यायोचित वितरण
- हिंसाबाट सुरक्षा र न्यायमा पहुँच
- स्पष्ट दीगो विकासको योजना र प्रभावकारी कार्यान्वयन ।
- दलित महिला र बालबालिका

## कानून र दलित

जातीय विभेद र छुवाछुत अमानवीय कार्य हो । हरेक व्यक्तिलाई समान सामाजिक हैसियत, मर्यादित एवं सम्मान पूर्ण जीवन यापनका लागि जातीय, लिङ्गिय विभेदहरुका विरुद्ध अन्तराष्ट्रिय एवं राष्ट्रिय तहमा विभिन्न प्रयासहरु भएका छन् । जातीय विभेद र छुवाछुत विरुद्ध भएका ती प्रयासहरुलाई संक्षेपमा राखिएको छ :

## विभेद विरुद्धका अन्तराष्ट्रिय कानूनहरु

### मानवअधिकारको विश्वव्यापी घोषणापत्र : (१० डिसेम्बर -१९४५)

सबै मानवहरुको साझा अधिकार पत्रका रुपमा मानवअधिकारको विश्वव्यापी घोषणा पत्र जारी भयो । प्रस्तावना सहित ३० धारामा अधिकारहरुको उल्लेख गर्दै यस घोषणा पत्रले मानव विकासको नैतिक दायित्व राज्यको भागमा राखिदियो । घोषणापत्रको धारा २ मा जातका आधारमा गरिने भेदभाव दण्डनीय कसुर भएको र त्यसको नियन्त्रण गर्नु



राज्यको दायित्वको रुपमा व्यवस्था भयो । जसले गर्दा जातीय भेदभाव र छुवाछुत अन्तराष्ट्रिय जगतमा नै दण्डनीय बन्यो । यसैगरी उक्त घोषणा पत्रले, व्यक्तिको राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक अधिकारहरुको सुनिश्चितताका लागि अधिकारहरुको व्यवस्था गरेको छ । घोषणापत्रमा समानताको अधिकार, स्वतन्त्रताको अधिकार, शोषण विरुद्धको अधिकार, राजनीतिक सहभागिताको अधिकार, न्याय सम्बन्धी अधिकार, गोपनियताको अधिकार, यातना विरुद्धको अधिकार शिक्षा, सामाजिक सुरक्षाको अधिकार जस्ता अधिकारहरुको व्यवस्था गरेको छ । र ती अधिकारहरु जात, वर्ण, वंश, पेशा, क्षेत्र, र लिङ्गका आधारमा विभेद गर्न नपाईने र सबैले समान रुपले उपभोग गर्न सक्ने वातावरण वनाउनु पर्ने राज्यको दायित्वको रुपमा स्थापित गरेको छ । यी अधिकारहरु विश्वका सबै मानिसहरुका आधारभूत अधिकारहरु हुन् ।

### सबैप्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धि अन्तराष्ट्रिय महासन्धि १९६५

सन् १९७१ मा नेपाल पक्ष राष्ट्र भएको यस महासन्धिको प्रस्तावनामा संयुक्त राष्ट्रसंघले तयार पारेको मानवअधिकारको विश्वव्यापी मापदण्डको परिपालनाका लागि निम्न उद्धेश्य राखिएको प्रष्ट पारिएको छ

- व्यक्ति -व्यक्ति वीच रङ्ग, वर्ण, वंश वा राष्ट्रियताका आधारमा हुने विभेद लाई पूर्णरुपले अन्त्य गर्ने

- मानवीय स्वतन्त्रता र समानताको अधिकारका विरुद्ध हुने जातीय उच्चबोध र घृणामा आधारित विभेद लाई पूर्णरुपले अन्त्य गर्ने र
- समतामूलक समाजको निर्माण गर्ने

महासन्धीले व्यक्तिको वंश, पेशा, रंग, उत्पत्ति तथा राष्ट्रियताका आधारमा गरिने निम्न कुराहरुलाई जातीय विभेद अन्तर्गत परिभाषित गरेको छ ।

- फरक व्यवहार
- फरक ग्राह्यता
- वहिष्करण र
- संकुचन

महासन्धीले महासन्धीको परिपालना वा कार्यान्वयनका लागि पक्ष राष्ट्रहरुको दायित्वका रुपमा निम्नकामहरुलाई उल्लेख गरेको छ ।

- जातका आधारमा भएका भेदभावलाई राष्ट्रले निन्दा गर्ने
- सबै प्रकारका जातीय विभेद विरुद्ध निरोधात्मक कदम चाल्ने
- पीडितको न्यायमा पहुँच अभिबृद्धि गर्ने
- पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्ने र
- पीडकलाई दण्ड जरिमानको व्यवस्था गर्ने



**नागरीक तथा राजनीतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र १९६६**

संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको यस प्रतिज्ञापत्रको नेपाल१९९१मा पक्ष राष्ट्र बन्यो । प्रतिज्ञा पत्रमा निम्न व्यवस्थाहरु गरिएका छन् :

धारा २ :पक्ष राष्ट्रहरुले आफ्नो क्षेत्राधिकार भित्र रहेका सबै व्यक्तिहरुलाई जाति, लिङ्ग, वर्ण, भाषा, संस्कृति, धर्म, राजनीतिक आस्था, सामाजिक उत्पत्ति, जन्म वा सम्पत्ति का आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी प्रतिज्ञा पत्रमा उल्लेखित नागरीक तथा राजनीतिक अधिकारहरुको सम्मान तथा सुनिश्चितता प्रदान गर्नु पर्ने ।

यसरी भेदभाव नगरी प्रदान गर्नु पर्ने अधिकारहरु यसप्रकार व्यवस्था गरिएको छ ।

धारा ३ : लैङ्गिक समानताको अधिकार,
धारा ६ : जीवनको अधिकार,
धारा ७ : यातना विरुद्धको अधिकार,
धारा ८ : शोषण विरुद्धको अधिकार
धारा ९ : फौजदारी न्याय सम्बन्धि अधिकार
धारा १२, १९,२०,२१: स्वतन्त्रता सम्बन्धी अधिकार
धारा १४ र १५ : न्याय सम्बन्धि अधिकार
धारा १६ र १७ : गोपनियताको अधिकार

धारा १८ : धर्म सम्बन्धि अधिकार
धारा २३ : विवाहको अधिकार
धारा २४: बाल अधिकार
धारा २५ : राजनीतिक सहभागिताको अधिकार
धारा २६ : कानुनी संरक्षणको अधिकार
धारा २७ : संस्कृति रक्षा सम्बन्धि अधिकार

### आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि प्रतिज्ञा पत्र १९६६

यस प्रतिज्ञा पत्रको नेपाल १९९१ मा पक्ष राष्ट्र भयो । यस प्रतिज्ञा पत्रले पनि पक्ष राष्ट्रहरुले आफ्नो क्षेत्राधिकार भित्र रहेका सबै व्यक्तिहरुलाई जाति, लिङ्ग, वर्ण, भाषा, संस्कृति, धर्म, राजनीतिक आस्था, सामाजिक उत्पत्ति, जन्म वा सम्पत्ति का आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी अधिकारहरुको सम्मान र सुनिश्चितता गर्नु पर्ने भनि व्यवस्था गरेको छ । प्रतिज्ञा पत्रमा सामाजिक तथा आर्थिक अधिकार, काम गर्न पाउने अधिकार, समान काम मा समान ज्यालाको अधिकार, बालबालिका शिक्षाको अधिकार, बौद्धिक सम्पत्तिको अधिकार जस्ता अधिकारहरुलाई विना भेदभाव सुनिश्चितता गर्ने व्यवस्था गरेको छ । यसैगरी महिला विरुद्ध हुने सबैखाले भेदभाव उन्मूलन सम्बन्धि महासन्धी १९७९, बाल अधिकार सम्बन्धि महासन्धी १९८९ हरुले पनि विभेद विरुद्धमा विभिन्न व्यवस्था गरेका छन् ।



### विश्वव्यापी आवधिक पुनरावलोकन

संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषदमा राष्ट्रसंघका सदश्य राष्ट्रहरुको मानवअधिकारको अवस्थाका बारेमा प्रत्येक चार चार वर्षमा आवधिक पुनरावलोकन हुन्छ । नेपालको दोश्रो चरणको पुनरावलोकन सन २०१५ मा भएको थियो । पुनरावलोकनमा परिषद्ले निम्न सिफारिस गरेको छ :

- जातीय भेदभाव तथा छुवाछुत सम्बन्धि कानूनको प्रभावकारी कार्यान्वयका लागि सार्वजानिक नीति तयार गर्ने,
- जातीय भेदभाव तथा छुवाछुत सम्बन्धि कानूनको प्रभावकारी कार्यान्वयका लागि ठोस योजना तयार गर्ने,
- जातीय भेदभाव तथा छुवाछुत सम्बन्धि कानूनको प्रभावकारी कार्यान्वयका लागि स्वतन्त्र र प्रभावकारी संयन्त्र स्थापना गरी कानूनी तथा तथ्यगत रुपमा जातीय तथा लैङ्गिक भेदभाव अन्त्य गर्न काम गर्ने ।

### जातीय भेदभाव र छुवाछुत विरुद्ध नेपालको कानूनी विकास

कानूनी विकासको अवस्था हेर्दा नेपालको अन्तरीम शासन विधान २००७ देखि नेपालको संविधान २०१८ सम्ममा औपचारिक समानता र स्वतन्त्रताको पूर्ण प्रत्याभूति भएको देखिन्छ । २०२० भाद्र १ गते जारी भएको नयाँ मूलुकी ऐनले जंगबहादुर राणाले जारी गरेको मुलुकी ऐनलाई विस्थापित गऱ्यो । जसले गर्दा ११० वर्ष देखि कानूनी मान्यता पाएको

छुवाछुत, जात अनुसारको दण्ड सजायको महल, जात पतित गर्ने, जस्ता विषयहरु हटाइ जातीय विभेद अवैधानिक ठहर गऱ्यो । तर, विभेद गरे के हुने ? भन्ने बारेमा कुनै दण्ड सजायको व्यवस्था भने गरेको थिएन । नेपाल अधिराज्यको संविधान २०४७ ले पहिलो पटक जातीय भेदभाव र छुवाछुतलाई दण्डनीय अपराधको रुपमा व्याख्या गऱ्यो । व्यवस्थापिका संसद्ले २०६८ साल जेठ १८ गते "जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८" जारी गरेको छ । जातीय छुवाछूतजन्य कसुरलाई २०६० साल श्रावण १२ गतेबाट सरकारवादी हुने कसुर अपराधको रुपमा व्यवस्था गरियो भने २०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिपछि २०६३ साल जेष्ठ २१ गते तत्कालिन अन्तरिम व्यवस्थापिका संसद्ले नेपाललाई "छुवाछूतमुक्त राष्ट्र" घोषणा गऱ्यो ।

**नेपालको अन्तरीम संविधान- २०६३**

नेपालको अन्तरीम संविधान २०६३ ले समानता सम्बन्धी हकका अतिरिक्त छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हकलाई छुट्टै मौलिक हकको रुपमा व्यवस्था गरि जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव नगरिने, कुनै जात, जाती वा उत्पतीका व्यक्ति वा व्यक्तिहरुको समूहको उच-नीच दर्शाउने, जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाईने र कसैले



गरेमा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने एवं जातीय भेदभाव तथा छुवाछूतबाट पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिमको क्षतीपूर्ति पाउने समेतको व्यवस्था गरेको छ ।

**नेपालको संविधानमा भएको व्यवस्था :**

संविधान सभाले २०७२ असोज ३ गते जारी गरेको नेपालको संविधानको प्रस्तावनामा नेपाल बहुजातीय विशेषता बोकेको, जातीय विभेद र सबैप्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समृद्धि, सामाजिक न्याय, समानुपातिक समावेशी, सहभागितामूलक सिद्धान्तमार्फत समतामूलक समाजको निर्माणमा संकल्प गरेको कुरा उल्लेख छ । यस संविधानले अन्य अधिकारका अलावा दलितका विशिष्ट अधिकारहरुलाई व्यवस्था गरेको छ । संविधानले, समानताको हक,

**धारा २४ :छुवाछुत तथा भेदभाव विरुद्धको हक :**

- नीजि तथा सार्वजानीक स्थानमा छुवाछुत वा भेदभाव गर्न नपाईने,
- उत्पादन तथा विक्री वितरणमा भेदभाव गर्न नहुने,
- छुवाछुत वा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न नपाइने
- कार्यस्थलमा भेदभाव गर्न नपाइने
- सामाजिक अपराधका रुपमा दण्डनीय हुने
- पीडितले क्षतिपूर्ति पाउने जस्ता व्यवस्थाहरु गरेको छ ।

यसैगरी,

**धारा ४० : दलितको हक** अन्तर्गत निम्न व्यवस्थाहरु गरेको छ :

क) समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता

ख) उच्च शिक्षा सम्म निशुल्क शिक्षा

ग) स्वास्थ्य र सामाजिक सुरक्षा

घ) परंपरागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा प्राथमिकता न

ङ) भूमीहिन दलितलाई एकपटक जमिन उपलब्ध गराउनु पर्ने

च) आवस विहिनहरुलाई वसोवासको व्यवस्था गर्ने

छ) दलित समुदायलाई प्रदान गरिएको सुविधाको न्यायोचित वितरण गर्नुपर्ने जस्ता व्यवस्थाहरु गरिएको छ ।

संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत दलिस समुदायलाई पनि समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था गरिएको छ । यसैगरी, संवैधानिक उपचारको हक, प्रतिनिधि सभामा प्रतिनिधित्व गराउनु पर्ने, स्थानीय निकायहरुमा दलित वा अल्पसंख्यकको प्रतिनिधित्व गराउनु पर्ने जस्ता व्यवस्थाहरुले सहभागिताका लागि बाटो प्रसस्त गरेको देखिन्छ । नेपालको संविधानको धारा २८१मा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र प्रभावको समीक्षा प्रत्येक दश वर्षमा हुने राष्ट्रिय जनगणना सँगै गर्ने र मानव विकास सूचकांङ्कको आधारमा समीक्षा तथा पुनरावलोकन गर्ने जस्ता व्यवस्थाहरु गरेको छ ।



**जातीय विभेद र लैङ्गिक विभेद विरुद्ध राष्ट्रिय नीति तथा संरचनाहरु**

**आवधिक योजना २०७३/०७४-२०७५/०७६**

नेपालको चौधौं आवधिक योजनाको उद्धेश्यमा आर्थिक सामाजिक वा शैक्षिक अवसर बाट वञ्चितिमा परेका समुदायहरु दलित, आदिवासी जनजाती, मधेसी, थारु आदिको मुलुकमा उपलब्ध सेवा, साधन श्रोत र सुविधाहरुमा पहुँच पुऱ्याउने उल्लेख गरिएको छ ।

**२०७३/०७४ को बजेट** :

आर्थिक वर्ष २०७३ /०७४को बजेटमा

- प्रधानमन्त्रीको नेतृत्वमा जातीय भेदभाव तथा छुवाछुत उन्मूलन कार्यान्वयन उच्चस्तरीय समिति गठन गरिने,
- प्रत्येक वर्ष जेष्ठ २१ गतेलाई जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवश मनाउने,
- जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसुर न्यूनीकरण सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने उल्लेख गरिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६**

यस नीतिले महिला र दलित समुदायलाई पनि वञ्चीतिकरणमा परेको समुदायको रुपमा राखेको छ र उनीहरुको समानुपातिक सहभागिताका लागि उनीहरुको सशक्तिकरण गर्दै लैजाने नीति रहेको छ ।

**राष्ट्रिय युवा नीति २०६६**

यस नीतिमा महिला र दलितलाई पनि प्राथमिकताको समुहमा लिइएको छ । यस नीतिको कार्यान्वयनका लागि छुट्टै ऐनको व्यवस्था गरी एक स्वशासित एवं कार्यकारी राष्ट्रिय युवा परिषदको गठन गरिने नीति भए अनुसार राष्ट्रिय युवा परिषद ऐन, २०७२ जारी भयो ।

**राष्ट्रिय युवा परिषद ऐन, २०७२**

राष्ट्रिय युवा परिषद् ऐनले युवा परिषद् गठन गर्दा दलितको पनि प्रतिनिधित्व हुने व्यवस्था गरेको छ ।

**प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम नीति २०६९**

यस नीति अनुसार महिला र दलितहरुको पनि पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि छात्रवृत्ति, निशुल्क कोटा, न्यूनतम शुल्क र ऋण सहुलियत जस्ता सुविधाहरुको व्यवस्था गरेको छ ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९**

यस नीतिले पनि दलित बालबालिकाहरुको पनि संरक्षण गर्नका लागि कानूनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा न्यूनतम मापदण्ड निर्धारण गर्ने र उनीहरुको पहुँचको सुनिश्चितता गर्ने व्यवस्था गरेको छ । त्यसैगरी, बालबालीकालाई सेवाप्रदायकले जातजाति, लिङ्ग, धर्म आदिका आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गरिएको छ ।

**राष्ट्रिय रोजगार नीति, २०७१**

यस नीतिले महिला, युवा, आदिवासी जनजाति, दलित मधेसी र सीमान्तकृत समुह/क्षेत्रहरुलाई लक्षित गरेको छ र उनीहरुको सरोकारका



क्षेत्रलाई समावेश गरिएको छ । नीतिले रोजगारीका लागि उद्यमशीलता र स्वरोजगार सम्बन्धि तालिमहरुमा दलित र महिलालाई पनि प्रदान गरिने भनी उल्लेख गरेको छ । यसैगरी उनीहरुको परम्परागत पेशालाई सहकारीमा संगठीत गरी आधुनिक व्यवसायका रुपमा रुपान्तरण गरी व्यवस्थित र उत्पादनशील बनाउने उल्लेख गरेको छ । यसैगरी माध्यमिक तहसम्मको शिक्षामा गरीव र अवसर विहिन समुह अन्तरर्गत दलित लाई पनि समेटी ती समुहका बालबालिकाहरुको पहुँच वृद्धि गर्नका लागि सञ्चालन हुने र विचैमा औपचारिक शिक्षा छोडेका जनशक्तिहरुलाई आवश्यकता र रुचीका आधारमा दक्ष बनाउने भनी उल्लेख गरेको छ । यसैगरी वैदेशिक रोगगारीका अवसरको प्राथमिकतामा दलितलाई पनि प्राथमिकताको सूचीमा राखेको छ ।

**जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ः**

जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ प्रस्तावनामाः व्यक्तिको अधिकारहरुको संरक्षण- समानता, स्वतन्त्रता र मर्यादापूर्वक बाँच्ने, अधिकार र मानव मर्यादाका सम्बन्धमा समानताको सिद्धान्तलाई मनन गर्ने, छुवाछुत, बहिष्करण, प्रतिबन्ध, निश्कान वा कुनै त्यस्तो कार्यलाई अपराधिकरण गरेर तथा सजाय योग्य बनाएर सामाजिक सौहार्दता कायम गर्ने जस्ता सवालहरु उल्लेख गरिएको छ । यसैगरी ऐनमा छुवाछूतको परिभाषालाई फराकिलो रुपमा व्याख्या गरिएको अवस्था छ ।

ऐनको दफा ४ को उपदफा १ अनुसार, कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा निम्न कुनै काम गरेमा वा गराएमा जातीय विभेद भएको मानिने भनि स्पष्ट गरेको छ । सार्वजनिक स्थानमा मात्र नभएर नीजि स्थानमा गरिने छुवाछुतलाई समेत ऐनले अपराधको रुपमा परिभाषित गरेको छ ।

निम्न :

क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिवन्ध लगाउने, वा

ख) व्यक्तिगत वा सामूहिक रुपमा सार्वजानिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक वहिष्कार, वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिवन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने ,

ग) सेवाको प्रयोग वा उपभोग गर्नबाट बञ्चित गर्ने,

घ) सार्वजानिक समारोह आयोजना गर्न वा सार्वजानिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गरेमा,



ङ) जातीय छुवाछुत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो क्रियाकलापमा जानी जानी सहभागी हुने,

च) कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिवन्ध वा रोक लगाउने वा कुनै पेशा गर्न बाध्य पार्ने काम,

छ) कुनै धार्मिक कार्य गर्नबाट बञ्चित गर्न वा गराउन,

ज) वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरणमा रोक लगाउने, वा त्यस्तो वस्तु वा सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्ने गराउने,

झ) परिवारका कुनै सदश्यलाई जात वा जातिका आधारमा वहिष्कार गर्ने, घर भित्र प्रवेश गर्न नदिने, घर वा गाउँ निकाला गर्ने, निस्कन वाध्य वनाउने कार्य, उमेर पुगेका बरबधुलाई अन्तरजातीय विवाह गर्न रोक लगाउने, त्यस्तो विवाह पछि जन्मिएका सन्तानको न्वारान नगराउने, भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउने कार्य ।

ञ) श्रव्य, दृष्य सामग्री , लेख, रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रशारण, प्रकाशन, वा प्रदर्शन गरेर वा अन्य

कुनै तरिकाले जात जाती वा उत्पत्तिका आधारमा उचनीच दर्शाउने, जात जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो संकेत गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबात उक्साउने वा दुरुत्साहन गर्ने गराउने कार्य ।

ट) कुनै पनि व्यक्तिलाई जात जाति, वंश वा समुदायका आधारमा कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्ने गराउने कार्य ।

### उजुरी गर्ने प्रकृया

यस ऐनको दफा ५ मा जातीय भेदभाव र छुवाछूतको घटनालाई उजुरी गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ । जसअनुसार

- माथि परिभाषित गरिएको कसूर कसैले गरेको वा गर्न लगाएको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा तोकिए बमोजिम उजूर गर्न सक्नेछ ।
- छुवाछूत सम्बन्धी कसूर नेपाल बाहिर गरेमा निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्नुपर्नेछ ।



- उजुरीलाई सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए बमोजिम राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सक्नेछ ।
- प्राप्त उजुरी दलित आयोग वा स्थानीय निकायले सम्बन्धित प्रहरी कार्यालयमा तोकिए बमोजिम लेखी पठाउनेछ । यसरी लेखिआएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरीउपर प्रचलित कानून बमोजिम आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

### सजाय

ऐनको दफा ७ मा कसूरताको गम्भिरतालाई हेरेर

- एक महिनादेखि तीन बर्षसम्म कैद
- पाँच सय रुपैंयाँदेखि पच्चीस हजार रुपैंयाँसम्म जरीवाना
- वा दुवै सजाय हुनसक्ने व्यवस्था गरिएको छ ।
- जातीय भेदभाव वा छुवाछूत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ ।
- सार्वजनिक पद धारण गरेको व्यक्तिले छुवाछूतको कसूर गरेमा निजलाई कानून वमोजिम हुने सजायमा ५० प्रतिशत थप सजाय हुनेछ ।

बाधा विरोध गर्नेलाई सजाय

ऐनको दफा ८ मा यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ , भनेर उल्लेख गरिएको छ ।

क्षतिपूर्ति

जातीय भेदभाव र छुवाछूतको कलंकबाट पिंडित हुनेहरुलाई क्षतिपूर्तिको समेत व्यवस्था गरेको छ ।

- अदालतले पिंडितलाई पिंडकबाट पच्चीस हजार रुपैंयाँदेखि एक लाख रुपैंयाँसम्म क्षतिपूर्ति भराईदिन सक्ने व्यवस्था गरिएको छ ।
- साथै पिंडितलाई कुनै हानी-नोक्सानी भएको भए अदालतले उपचार वा थप खर्चका लागि मनासिव रकम कसुरदारबाट भराउन सक्नेछ ।

**हदम्याद** : तीन महिनाको समय ऐनले व्यवस्था गरेको छ । (यो हदम्याद कसूर भएको मितिदेखि अदालतमा मुद्धा दायर गर्दासम्मको समयावधि पर्दछ ।)



सरकारबादी हुने :

यस ऐनको दफा ११ले यस ऐन अन्तरगतका मुद्धा सरकारबादी हुने भनि उल्लेख गरेको छ ।

**दलित समुदायलाई प्रदान गरिने सेवाहरु केही नीतिगत व्यवस्था**

| व्यवस्था | नीति / ऐन | व्यवस्था |
|---|---|---|
| आयकरमा छुट | आयकर ऐन २०५८ (संसोधन सहित | महिला दलित वा अपाङ्गता भएका व्यक्तिहरु मध्ये कम्तिमा ३३ % समेतलाई समावेश गरी १०० भन्दा बढी नेपाली नागरीकलाई रोजगार दिने उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा २० % |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर मा छुट | आर्थिक ऐन,२०७३ | महिला र दलितको नाममा र दलित भनि स्थानीय निकायबाट प्रमाणित भएको सिफारिसका आधारमा उनीहरुको नाममा स्वामित्व प्राप्त हुने लिखतको रजिष्ट्रेशन दस्तुरमा २५ % छुट,साविकको घरजग्गा दम्पतिको संयुक्त नाममा लिखत गर्न चाहेमा रु १०० मात्र रजिष्ट्रेशन लाग्ने । |
| पति पत्नी दुवैको नाममा जग्गा दर्ता | जग्गा दर्ता सम्बन्धी गठन आदेशहरु, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति-पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने व्यवस्था । |
| छात्रावृत्ति व्यवस्था | शिक्षा ऐन २०२८ | सामुदायिक विद्यालयहरुमा छात्राहरुलाई निशुल्क शिक्षा, संस्थागत विद्यालयमा महिला विद्यार्थीसमेतका लागि १०% नघट्ने गरी छात्रवृत्ति दिइने । |

| | | |
|---|---|---|
| निरन्तर छात्रावृत्ति | छात्रावृत्ति कार्यान्वयन निर्देशिका, २०६८ | आधारभूत तह (कक्षा १-८)मा भर्ना भई निरन्तर अध्ययनरत सबै छात्रालाई प्रतिछात्रा वार्षिक रु ४००।- |
| आरक्षण छात्रवृत्ति (प्राविधिक डिप्लोमा तथा प्रमाणपत्र तह) | डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७१ | प्राविधिका प्रवेशिका वा सो सरह उत्तीर्ण गरेका महिलाहरुलाई डिप्लोमा तथा प्रमाणपत्रको निशुल्क अध्ययनका लागि २५% सिट आरक्षण । एकल महिलालाई प्राथमिकता दिने गरी ९ जना महिलालाई मासिक रु ५०००।- का दरले निर्वाह छात्रवृत्ति । |
| दलित समुदायलाई प्राथमिकता | बैकल्पिक विद्यालय कार्यक्रम | बैकल्पिक विद्यालय कार्यक्रमहरुमा दलित समुदायलाई प्राथमिकता दिने । |
| सामाजिक सुरक्षा | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि। २०६९ | महिला जेष्ठ नागरीक र एकल महिला समेतलाई मासिक सामाजिक सुरक्षा भत्ता । ६० वर्ष उमेर पूरा भएका जेष्ठ नागरीक दलित लाई मासिक १०००।- , |
| निजामती सेवामा आरक्षण | निजामती ऐन, २०४९ | निजामती सेवामा खुल्ला प्रतियोगीताद्वारा पद पुर्ति हुने पद मा दलित आरक्षणको व्यवस्था । |
| आमा सुरक्षा कार्यक्रम | आमा सुरक्षा कार्यक्रम निर्देशिका २०५६ | ५ वर्ष उमेरपूरा नभएका दलित बालबालिकालाई मासिक रु ४००।- पोषण भत्ता |
| उच्च शिक्षा सम्म निशुल्क | नेपालको संविधान | उच्च शिक्षा सम्म निशुल्क |



**निश्कर्ष**

लामो विभेदको चपेटामा परेको दलित समुदायको आर्थिक, सामाजिक धरातल ज्यादै कमजोर छ । दलितहरु आज पनि अमानवीय विभेद खपिरहेका छन् । सामाजिक परंम्परा, र कुरितीहरु यथावतै छन् जसले गर्दा दलितहरु हिंसा पीडित भइरहेका छन् ।

राज्यले विभिन्न चरणमा दलित अधिकारको स्थापनाका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता जनाउँने, कार्यक्रम, नीति तथा कानूनहरुको निर्माण गर्ने सकारात्मक काम गरिरहेको छ । तर, दलित समुदायलाई ती नीति, कार्यक्रम र सेवासुविधाका बारेमा आवश्यक जानकारी अझै पुग्न सकेको छैन । भएका सेवाहरु त्यत्तिकै वा दुरुपयोग भएर नास भइरहेको अवस्था छ । देशले संघात्मक लोकतन्त्रमा फड्को मारिसकेको अहिलेको अवस्थामा स्थानीय सरकारले स्थानीय स्तरमै समस्याहरुको निराकरणको अधिकार पाएको छ । तर ती अधिकारहरुको सुनिश्चितताका लागि दलितका क्षेत्रमा लक्षित कानून, नीति, योजनाहरुको अभाव छ । ती योजनाहरुको निर्माण र परिचालन गर्दै विभेदको न्यूनीकरणका लागि आवश्यक तयारी र क्रियाशिलता अहिलेको पहिलो आवश्यक काम देखिएको छ । यसर्थ विद्यमान कानूनहरुको प्रभावकारी कार्यान्वयन, स्पष्ट कार्ययोजना र प्रभावकारी कार्यान्वयन दलितहरुको उत्थान, विकास, सहभागिता र न्यायमा पहुँचका लागि पहिलो कार्य देखिन्छ ।

●●●

## परिशिष्ट

**महिला र दलितका क्षेत्रमा स्थानीय सरकारले समेट्नु पर्ने तत्कालिन सवालहरु**

क) विद्यमान कानूनहरुको प्रभावकारी कार्यान्वयन र सेवाहरुको न्यूनतम सुचारु गर्नु पर्दछ ।

ख) दलित र महिलाका क्षेत्रमा स्थानीय सरकारले भोगिरहेका कानूनी जटिलताहरुको अध्ययन गरी, आफ्ना स्पष्ट कानून, नीति नियमहरुको निर्माण र कार्यान्वयनको सुरुवात गर्नु पर्दछ ।

ग) दलित र महिलाका तत्कालिन समस्याहरुको सम्बोधन गर्नका लागि योजना निर्माण र कार्यान्वयन गर्नु पर्दछ ।

घ) दलित र महिलाको दीगो विकासका लागि दीर्घकालिन योजनाहरुका लागि तथ्याँङ्कको नियमित अद्यावधि, योजना निर्माण र श्रोतको व्यवस्थापन गर्नु पर्दछ ।

ङ) जोखिम, गरीवी र समस्यामा परेकाहरुका लागि संरक्षण, र विकासका लागि विशेष प्राथमिकता दिनु पर्दछ ।

च) सामाजिक समविकासको लक्ष्यलाई प्राप्ति लक्ष्य बनाई कार्यक्रमहरु तयार गर्ने परिचालन गर्नु पर्दछ ।

छ) महिला, दलित, बालबालिका, असहाय, जेष्ठनागरीकहरु र सामाजिक सुरक्षाका क्षेत्रमा विशिष्टिकृत संरचनाहरु निर्माण गरि परिचालन गर्नु पर्दछ ।

ज) समान सामाजिक हैसियत कायम गर्नकालागि समुदायलाई सचेत, जिम्बेवार र कर्तव्य बोध गराउनु पर्दछ ।

झ) समुदाय र सरोकारवालाहरुलाई राज्यप्रतिको जिम्बेवारीबोध र सहकायैकालागि सचेत गर्नु पर्दछ ।

माथि उल्लेख गरिएका जस्ता विभिन्न सवालहरु विद्यमान सवालका रुपमा आएका छन् । यी सवालहरुमा सबैको साझा बुझाई, सहभागितामुलक प्रयास भयो भने यी समस्याहरु स्थानीय समुदायमै निराकरण गर्न सकिन्छ र सबैको सम्मान, न्याय, र सहभागिताको प्राप्तिको अवसर एकैसाथ हुन सक्दछ । समाजले समृद्ध समाजको रुपमा आफुलाई परिवर्तन गर्न सक्दछ ।

## सन्दर्भ सामग्रीहरु

नेपालको संविधान पन्ध्रौ संस्करण -कानून किताब व्यवस्था समिति, बबरमहल काठमाण्डौ

नेपालको अन्तरिम संविधान २०६३ -कानून किताब व्यवस्था समिति, बबरमहल काठमाण्डौ

घरेलु हिंसा कसुर र सजाय ऐन २०६६ -नेपाल कानून आयोगको वेभसाईट

तालिम सहयोगी पुस्तिका -घरेलु हिंसा विरुद्ध अभियान, पूर्वाञ्चल नेटवर्क

सकारात्मक विभेदको अवधारणा तेश्रो संस्करण - मानवअधिकार मञ्च नेपाल, इलाम

मानवअधिकार रक्षकहरुका लागि सहयोगी पुस्तिका - मानवअधिकार मञ्च नेपाल, इलाम

तालिम सहयोगी पुस्तिका २०७३ - जागरण नेपाल, काठमाण्डौ

जातीय विभेद सम्बन्धी कार्यपत्र - अधिवक्ता भोजमान लाम्गादे, काठमाण्डौ

महिलाका सुविधा सम्बन्धी सूचना, २०७३ असार - राष्ट्रिय सूचना आयोग काठमाण्डौ,

जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन २०६८ - जिल्ला विकास समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, इलाम